german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

skill up!









# तालिम पुस्तिका
## TRAINING MANUAL



# सामूहिक गुणस्तर प्रमाणीकरण पद्धति
# प्राङ्गारिक कृषि उत्पादनको
# सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली

# PARTICIPATORY GURANTEE SYSTEM FOR ORGANIC AGRICULTURE PRODUCTION

CEAPRED

welt hunger hilfe

# प्राक्कथन

नेपाल भूवनोटको हिसावले उष्ण तापीय तराई देखि उत्तरमा अति चिसो हिमाली क्षेत्र सम्म फैलिएको विविधतापूर्ण देश हो । विश्व वजारमा विषादी रहित र सुरक्षित उत्पादनको माग बढीरहेको सन्दर्भमा नेपालको भौगोलिक विविधताको उपयोग गरी वातावरण अनुकूलित गुणस्तरीय तरकारीको उत्पादन र वजारीकरण गरी न्यून आय भएका कृषकहरूको आर्थिक वृद्धि गरी जीविकोपार्जनमा सुधार ल्याउन प्रचुर संभावना रहेको छ । एकातिर अव्यवस्थित, अवैज्ञानिक र अनाधिकृत तवरमा विषादीहरूको प्रयोगले शत्रु जीवहरूका साथसाथै मित्र जीवहरूका पनि नाश भईरहेको छ भने अर्कोतिर वातावरण र जैविक विविधतामा नकरात्मक प्रभाव परी मानव जीवनलाईनै अस्तव्यस्त पारेको तथ्य हाम्रो सामुछ । अनुवांशिक रूप परिवर्तन गरिएको संशोधित जीवहरूको प्रयोग विनानै स्वस्थ जैविक विविधता, जैविक चक्र तथा माटोको जैविक कृयाकलापहरूलाई प्राकृतिक रूपमानै रहने गरी स्थानीय स्तरमा रहेका प्राकृतिक स्रोतसाधनहरूको उचित व्यवस्थापन गरी स्थानीय नश्ल/वीउ विजनको संरक्षण गर्दै प्राङ्गारिक मल तथा जैविक विषादीहरूको प्रयोग गरी स्वस्थ कृषि उत्पादन कायम गर्नु आजको आवश्यकता रहेको छ ।

पिजिएस प्रणाली अन्तर्गतको सामूहिक गुणस्तर प्रमाणीकरणको पध्दतीले प्राङ्गारिक कृषि कार्यमा संलग्न व्यक्ति वा किसान, संघसस्था र सरोकारवालाहरूको सहभागिताको आधारमा प्राङ्गारिक उत्पादन सिफारिस गर्ने हुँदा, कृषकहरूलाई प्राङ्गारिक खेती गर्न उत्प्रेरित गर्नुका साथै विषादी र रासायनिक पदार्थ रहित खाद्य उत्पादनमा सहयोग गर्दछ । साथै बजारमा प्राङ्गारिक पध्दतिद्वारा उत्पादित सामग्रीहरूको माग उच्च भएको हुँदा यस्ता उत्पादनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा राम्रो उपस्थिति जनाउन सक्दछ भन्ने मैले विश्वास लिएको छु ।

यसै सन्दर्भमा BMZ को आर्थिक सहयोग तथा WHH सँगको साझेदारीमा “Skill Up, Strengthening Skills Development, Creating Future Perspectives” परियोजना कर्णाली प्रदेशका सुर्खेत र सल्यान जिल्लाहरू तथा सुदूर पञ्चिम प्रदेशको कञ्चनपुर जिल्लामा संचालन भईरहेको छ । वेरोजगार युवाहरूलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र प्रशिक्षणद्धारा उनीहरूको उद्यमशिलता विकास तथा सुदृढीकरण गरी रोजगारी सिर्जना गर्दै दिगो आर्थिक विकास गर्ने र परियोजना क्षेत्र भित्र बसोबास गर्ने गरीव कृषकहरूलाई  कृषक पाठशाला (FFS) मार्फत एकीकृत प्रणालीमा आधारित व्यावसायिक प्राङ्गारिक उत्पादनमा जोड दिई उनीहरूको स्वास्थ्य, सरसफाई तथा पोषणमा सुधार गर्ने यस परियोजनाको उद्धेश्य रहेकोछ । यो पुस्तिका नेपाल सरकारले तयार पारेको प्राङ्गारिक कृषि उत्पादनको सामूहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९ लाई आधार मानेर विभिन्न सन्दर्भ सूचीबाट समेत लिइएकोछ । यो पुस्तिक तयार गर्न सहयोग पुऱ्याउनु हुने सिप्रेडका सहकर्मी साथिहरूका साथै परियोजनासँग आवद्ध रही प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने WHH का विज्ञ, प्राविधिक तथा कर्मचारीहरू लगायत सन्दर्भ सामाग्रीहरू उपलब्ध गराई सहयोग गर्नुहुने विभिन्न संस्थाका सम्बन्धित महानुभावहरू समेत धन्यवादका पात्र हुनुहुन्छ ।

यो पुस्तिका नेपालको प्राङ्गारिक उत्पादन प्रमाणीकरणमा उपयोगी हुने अपेक्षा राखिएको छ । यस पुस्तिकालाई समय सापेक्ष सुधार गर्दै लगिने भएकाले यसको प्रयोग तथा अध्ययन पश्चात् पाठक र प्रयोगकर्ताहरूबाट त्रुटी औंल्याई थप परिमार्जनका लागि सुझाव प्राप्त हुनेछ भन्ने आशा राखेकोछु । धन्यवाद ।

जय मुकुन्द खनाल
कार्यकारी निर्देशक

# विषय सूची


१. परिभाषा १

२. पृष्ठभूमि ३

२.१ परिचय ३
२.२ प्राङ्गारिक कृषि ४
२.३ प्राङ्गारिक खेती किन ६
२.४ प्राङ्गारिक खेतीका सिद्धान्तहरू ६
२.५ सामूहिक प्रमाणीकरण ७
२.५.१ सामूहिक प्रमाणीकरणका अवधारणाहरू ७
२.५.२ सामूहिक प्रमाणीकरण किन ८
२.५.३ सामूहिक प्रमाणीकरण मूल उद्देश्य र आवश्यकता ८
२.५.४ सामूहिक प्रमाणीकरणका विशेषताहरू ९
२.५.५ सामूहिक प्रमाणीकरणका मूलभूत पक्षहरू ९
२.५.६ साना किसानको लागि सामूहिक प्रमाणीकरण १०
२.६ सामूहिक प्रमाणीकरण संस्थागत संरचना र जिम्मेवार पदाधिकारी १०
२.६.१ सामूहिक प्रमाणीकरण कार्यान्वयनका चरणहरू ११
२.६.२ अपेक्षित परिणाम ११
२.७ पिजिएस मापदण्ड र यसको स्तरोन्नति १२
२.८ पिजीएसका लागि आवश्यक पूर्व तयारीहरू १२
२.८.१ उत्पादक, उपभोक्ता तथा सरोकारवाला पहिचान १२
२.८.२ मापदण्ड निर्धारण १३
२.९ सहभागितामुलक गुणस्तर निर्धारण पद्धतिका आचार संहिता तथा मापदण्ड १३
२.१० सहभागितामुलक गुणस्तर निर्धारण पद्धति (पीजीएस) को कार्यविधि १७
२.११ संगठनात्मक संरचना १८
२.११.१ पीजीएस व्यवस्थापन समिति १८
२.११.२ प्रमाणीकरण समिति १८
२.११.३ पीजीएस संयोजक १९
२.११.४ निरीक्षक १९
२.११.५ फिल्ड सहजकर्ता २०

२.१२ निरीक्षण २१
२.१३ अभिलेखीकरण २१
२.१४ उत्पादन तथा बजार योजना २२
२.१५ उत्पादन अनुमान २२
२.१६ निरीक्षण, परीक्षण र प्रतिवेदन २२
२.१७ प्रमाणपत्र तथा सुझावहरू २३
२.१८ दण्ड सजाय २३
२.१९ पुनरावेदन २४
२.२० मापदण्ड संशोधन २४
२.२१ शुल्क २४
२.२२ जोखिम पहिचान तथा व्यवस्थापन योजना २४
२.२३ क्षमता अभिवृद्धि २५
२.२४ मापदण्ड तथा कार्यविधी संशोधन २५
२.२५ अनुगमन, मूल्याङ्कन र पुनरावलोकन २५

३.० अनुसूची २६
अनुसूची १: आन्तरिक प्राङ्गारिक मापदण्ड २६
अनुसूची २ कृषकको निवेदन २७
अनुसूची ३: सम्भावित उत्पादनको प्रकार, माग तथा आपूर्तीको अनुमान फारम २८
अनुसूची ४: वास्तविक उत्पादकहरूको सूची २८
अनुसूची ५: कृषकहरूसँग लिखित करारनामा २९
अनुसूची ६: प्रारम्भिक निरीक्षण फारम ३१
अनुसूची ७: कृषक संकेत नं राख्ने प्रक्रिया ३७
अनुसूची ८: गाउँको सामाजिक नक्सा ३७
अनुसूची ९: कृषकको दैनिकी ३८
अनुसूची १०: आन्तरिक निरीक्षण प्रतिवेदन फाराम (प्राङ्गारिक कृषि निरीक्षण प्रतिवेदन) ३८
अनुसूची ११: प्रमाणीकरण स्वीकृति वा अस्विकृतीका निर्णय ४२
अनुसूची १२: मापदण्ड उल्लंघन प्रतिवेदन ४३
अनुसूची १३: मापदण्ड विपरितका व्यवहारहरू र दण्ड सजायको व्यवस्था ४४


T2



# १. परिभाषा

- **"प्राङ्गारिक कृषि उत्पादन"** भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्वारा जारी गरिएको "प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ " बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ । सो शब्दले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरूको सहभागितामा स्थानीय परिवेश अनुसार तयार गरिएको मापदण्ड वमोजिम उत्पादित कृषि उपजलाई समेत जनाउँछ ।

- **"प्राङ्गारिक प्रमाणीकरण"** भन्नाले अग्रिम रूपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै प्राङ्गारिक कृषि उत्पादनको निर्धारित गुणस्तर कायम गर्नका लागि पूरा गर्नुपर्ने शर्तहरू पूरा गरिएको छ भनी प्रमाणीकरण निकायले दिने लिखित सुनिश्चितता सम्झनुपर्छ ।

- **"प्रमाणीकरण निकाय"** भन्नाले प्राङ्गारिक कृषि उत्पादन भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, लेवलिङ्ग र आयात कार्यको मूल्याङ्कन गर्ने निकाय सम्झनुपर्छ। (घ) "प्रमाणीकरण शुल्क" भन्नाले प्रमाणीकरण निकायले प्राङ्गारिक प्रमाणीकरण गरे वापत लिने शुल्क सम्झनुपर्छ। सो शब्दले आन्तरिक नियन्त्रण प्रणालीमा लाग्ने खर्च समेत जनाउनेछ ।

- **"निर्यातकर्ता"** भन्नाले यस कार्यविधि बमोजिम प्रमाणीकरण शुल्क अनुदान प्राप्त गर्न चाहने प्राङ्गारिक कृषि उत्पादन निर्यात गर्ने व्यक्ति, संघ संस्था, सहकारी संस्था, कम्पनी एवं निजी फर्म सम्झनुपर्छ ।

- **"समिति"** भन्नाले गठित प्राङ्गारिक प्रमाणीकरण निर्देशन समिति सम्झनुपर्छ ।

- **“आन्तरिक नियन्त्रण प्रणाली”** भन्नाले प्राङ्गारिक गुणस्तर कीटानी गर्ने एक लिखित दस्तावेज सम्झनुपर्छ, र सो शब्दले वाह्य प्राङ्गारिक प्रमाणीकरण निकायले समूहका हरेक सदस्यहरूको वार्षिक निरीक्षण गर्न सोही समूह अन्तर्गत गठन भएको गुणस्तर व्यवस्थापन समितिलाई अनुमति प्रदान गर्ने, साना कृषकहरुलाई संगठित गराई प्राङ्गारिक प्रमाणीकरणमा पहुँच बढाउने र प्रमाणीकरणको खर्च घटाई उनीहरुको प्राङ्गारिक उत्पादनको बिक्रीमा सहयोग पुऱ्याउने प्रणाली समेतलाई जनाउँछ ।

- **“सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली”** भन्नाले प्राङ्गारिक कृषि उत्पादक, उपभोक्ता लगायतका सरोकारवालाहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा स्थानीय परिवेश अनुसारको मापदण्ड तथा व्यवस्थापकीय ढाँचामा सञ्चालन हुने प्रमाणीकरण पद्धतिलाई सम्झनु पर्दछ ।

- **“प्राङ्गारिक उत्पादन क्षेत्र”** भन्नाले प्राङ्गारिक कृषिको सिद्धान्त अनुसार खेती प्रणाली अपनाइएको क्षेत्र सम्झनुपर्छ ।

- **“साना किसान”** भन्नाले तुलनात्मक रूपमा थोरै जमिनमा व्यवसायिक रूपमा नभई पारिवारिक श्रमको आधारमा निर्वाहमुखी रूपमा खेतीपाती गर्ने कृषक सम्झनुपर्छ ।

- **“तेस्रो पक्ष”** भन्नाले अग्रिम रूपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै प्राङ्गारिक कृषि उत्पादन तथा प्राङ्गारिक प्रशोधित उपजको निर्धारित गुणस्तर कायम गर्न सम्पूर्ण शर्तहरू पूरा गरिएको छ भनी लिखित सुनिश्चितता दिने प्राङ्गारिक प्रमाणीकरण निकाय सम्झनुपर्छ ।

- **“प्रमाणीकरण निकाय”** भन्नाले प्राङ्गारिक पदार्थ भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, नामाङ्कन र आयात कार्यको मूल्याङ्कन गर्ने निकाय सम्झनुपर्छ ।

- **“प्रमाणीकरण”** भन्नाले अग्रिम रूपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै पनि कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पूरा गर्नु पर्ने शर्तहरू पूरा गरिएको छ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चिता सम्झनुपर्छ ।

- **“निरीक्षण”** भन्नाले कुनै कृषि उपजको उत्पादन, प्रशोधन तथा वितरण प्रक्रिया निर्धारित मापदण्ड अनुसार छ/छैन भनी सम्वन्धित स्थलमा गई वास्तविकता पत्ता लगाउन गरिने अनुगमन र निरीक्षणको कार्य सम्झनुपर्छ ।

- **“निरीक्षक”** भन्नाले प्रमाणीकरण गर्ने निकायले सम्बन्धित कृषि उपजको उत्पादन, प्रशोधन तथा वितरण प्रक्रिया निरीक्षण गर्नका लागि नियुक्त गरेको व्यक्ति सम्झनुपर्छ ।



# २. पृष्ठभूमि

## २.१ परिचय

समान्यतया उपभोक्ताहरू, आफूले खरिद गर्ने कृषि उपजहरू सुरक्षित र प्राङ्गारिक तवरले उत्पादन भएको सुनिश्चित गर्न चाहन्छन् । कृषि उपजहरू प्राङ्गारिक विधिले उत्पादन भएको हो भन्ने भरपर्दो सरकारी वा अन्य प्रमाणित गर्ने निकाय र सञ्जालको सिफारिसको आधारमा उपभोक्ताले खरिद गर्दछन् । प्राङ्गारिक खेतीको प्रमाणीकरण प्रक्रिया, माटोमा खाद्यतत्वको व्यवस्थापनदेखि उत्पादनका विभिन्न कृषि कार्यहरू, उत्पादन उपरान्तका छनौट, सफाइ, स्तरीकरण, भण्डारण, बजारीकरण र वितरणसम्मका चरणहरूको शूक्ष्म अध्ययन गरी सिफारिस गरिएको हुन्छ । तसर्थ जैविक/प्राङ्गारिक कृषि कार्यमा संलग्न व्यक्ति वा किसान, संघसंस्था र सरोकारवालाहरूको सहभागिताको आधारमा प्राङ्गारिक/जैविक खेती मूल्य श्रृंखलाको सिफारिसलाई **सामूहिक प्रमाणीकरण** प्रणाली भनिन्छ ।

सामूहिक प्रमाणीकरण कृषि उत्पादन प्रणाली नभई एक गुणस्तर प्रमाणीकरण गर्ने पद्धति हो । यस प्रमाणीकरण पद्धतिमा उत्पादक

समूह र उपभोक्तालाई प्रमाणीकरण प्रक्रियामा प्रत्यक्ष रूपमा संलग्न गराइन्छ । पिजिएस प्रणाली अन्तर्गतको सामूहिक प्रत्याभूतले साना तथा मझौला कृषकहरूलाई प्राङ्गारिक खेती प्रमाणीकरणको जटिलतालाई कम गराई समय, स्रोत र साधनको बचत गराउदछ । तेस्रो पक्षीय प्रमाणीकरण र पिजिएसको प्रमाणीकरण प्रक्रियाका सिद्धान्तहरू मिल्दाजुल्दा हुन्छन् त्यसैले पिजिएस प्रणालीले थप कृषकहरूलाई प्राङ्गारिक खेती गर्न उत्प्रेरित गर्नका साथै विषादी र रासायनिक पदार्थ रहित खाध उत्पादनमा सहयोग गदर्छ । यो प्रमाणित गर्ने प्रकिया सरल भएको हुँदा निम्नआय भएका उपभोक्ताको पनि सस्तो दरमा सुरक्षित खाद्यपदार्थमा पहुँच हुन्छ । प्राङ्गारिक पद्धतिद्वारा उत्पादित सामग्रीहरूको उच्च माग भएको हुँदा यस्ता उत्पादनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा आफ्नो राम्रो उपस्थिति गराउन सक्छ । तसर्थ पिजिएस प्रणाली प्राङ्गारिक खेतीको प्रवर्द्धनको लागि एक कोशे ढुङ्गा हुन सक्दछ जसले विषादी रहित कृषि उपजहरूमा धनी र शिक्षित वर्गका साथै कम क्रय शक्ति भएका उपभोक्ताहरूको पनि पहुँच बढाउन सक्दछ ।



## २.१ प्राङ्गारिक कृषि

“प्राङ्गारिक कृषि” माटोको उर्वरापन, पर्यावरणीय प्रणाली र मानव स्वास्थ्यको सम्वर्द्धन गर्ने उत्पादन प्रणाली हो । यो पर्यावरणीय पद्धति, जैविक विविधता र स्थानीय परिवेश अनुसारको जैविक चक्र एवं प्रणालीमा आधारित छ । यसले परम्परा, अन्वेषण र विज्ञानलाई समायोजन गरी यसमा अन्तरनिहित पक्षहरूको स्वच्छ सम्बन्ध मार्फत गुणस्तरीय जीवन पद्धतिको प्रवर्द्धन गर्दछ । परम्परागत ज्ञान तथा सीपलाई समय सापेक्ष रूपमा परिवर्तन गरी प्राङ्गारिक कृषि प्रणाली अवलम्बन गर्दा प्रति ईकाई भूमिबाट अधिक उत्पादन हुनुको साथै सो क्षेत्रको पर्यावरण/वातावरण सन्तुलन राख्न सहयोग पुग्दछ ।

प्राङ्गारिक खेती प्रणालीको महत्व र फाइदा बुझिसकेका किसानले नेपालमा पनि कफी, चिया र अन्य केही बालीहरूमा यो पद्धति सुरू गरी उपभोक्तालाई सुरक्षित र गुणस्तरीय खाद्य वस्तु उपलब्ध गराउन थालिसकेका छन् र प्राङ्गारिक कृषिको क्षेत्रमा क्रमिक रूपले वृद्धि भैरहेको छ । स्थानीय प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दिगो कृषि व्यवस्थापन मार्फत कृषि क्षेत्र एवं मुलुकको आर्थिक विकास गर्ने लक्ष्य हासिल गर्नमा प्राङ्गारिक कृषि प्रणालीले महत्वपूर्ण टेवा पुर्‍याउने विश्वास गर्न सकिन्छ । यस सन्दर्भमा प्राङ्गारिक कृषि प्रणालीको विकासका लागि यसका आधारभूत सिद्धान्त तथा प्राविधिक आधारहरूको एकिन गरी प्राङ्गारिक उपजहरूको गुणस्तर निर्धारण, मापन र प्रमाणीकरणका लागि प्रक्रियागत व्यवस्था हुनु अति महत्वपूर्ण देखिन्छ । कुनै पनि व्यवसायिक उत्पादनको उत्पादक र उपभोक्ताहरू बीचको दूरी धेरै हुन्छ । यी दुई पक्ष महत्वपूर्ण भएता पनि एक अर्कासँग अपरिचित

हुन्छन् । तसर्थ, उपभोक्ताले उपभोग गर्ने वस्तुमा कुनै पनि हानिकारक रासायनिक पदार्थ छैन भन्ने कुराको विश्वास दिलाउनु र त्यसका लागि प्रत्यक्ष प्रमाणको आधार तयार पार्न अत्यन्त आवश्यक हुन्छ । यही प्रमाणको आधार नै प्राङ्गारिक प्रमाणीकरण हो, जसले उपभोक्तालाई उत्पादन प्रति विश्वस्थ बनाउँछ । तसर्थ अग्रिम रूपमा पहिचान गरिएको र विश्वासिलो प्रक्रिया अपनाई निर्धारित गुणस्तर कायम गर्नको लागि पूरा गर्नु पर्ने आवश्यक शर्तहरू पूरा गरिएको छ भनी प्राङ्गारिक उत्पादनलाई तेस्रो पक्षले दिने लिखित सुनिश्चिततालाई **प्राङ्गारिक प्रमाणीकरण भनिन्छ ।**

अर्को तर्फ हेर्ने हो भने विश्वका धेरैजसो कृषकहरु प्रायः दुर्गम क्षेत्रमा बस्ने साना कृषक भएकाले निरीक्षणको लागि धेरै समय लाग्दछ। यसको साथै एक जना कृषकको कृषि उत्पादनबाट हुने कूल आम्दानी प्राङ्गारिक निरीक्षण तथा प्रमाणीकरण गर्न लाग्ने खर्चको तुलनामा निकै कम हुने गर्दछ। त्यस कारण विकासोन्मुख देशका साना कृषकहरु र प्राङ्गारिक प्रमाणीकरण निकाय मिलेर सामूहिक प्रमाणीकरण प्रणालीको विकास गरेका छन्, जसले समूहगत रुपमा उत्पादकको हैसियतले प्राङ्गारिक मापदण्डको पालना गरे/नगरेको अनुगमन एवं निरीक्षण गरी प्रमाणित गर्दछ । सामूहिक प्रमाणीकरणको मूल आधार नै सदस्यहरु बीचको आत्मीयता र सहयोगी भावना भएकाले यसलाई आन्तरिक नियन्त्रण प्रणालीको रुपमा चिनिएको छ ।

आइफोम (IFOAM, International Federation of Organic Agriculture Movement) को परिभाषा अनुसार आन्तरिक नियन्त्रण प्रणाली भनेको प्राङ्गारिक उत्पादनको गुणस्तर कीटानी गर्ने एक लिखित दस्तावेज हो, जसमा वाह्य प्राङ्गारिक



प्रमाणीकरण निकायले समूहका हरेक सदस्यहरुको वार्षिक निरीक्षण गर्न सोही समूह अन्तर्गत गठन भएको समितिलाई अनुमति दिन्छ । आन्तरिक निरीक्षण प्रणाली सञ्चालन गर्ने समूह/सहकारी संस्था/संघले प्रत्येक समूह सदस्यहरुले बाली उत्पादन गर्ने क्रममा तोकिएको प्राङ्गारिक उत्पादन मापदण्ड अनुसार काम गरे नगरेको हेर्दछ र प्राङ्गारिक प्रमाणीकरण निकायले आन्तरिक नियन्त्रण प्रणालीले सही ढङ्गमा काम गरे नगरेको मूल्याङ्कन गर्दछ । मूल्याङ्कन गर्ने क्रममा प्राङ्गारिक प्रमाणीकरण निकायले मुख्यतया आन्तरिक नियन्त्रण प्रणालीको रेकर्ड राख्ने तौरतरिका, त्यस अन्तर्गतका कर्मचारीहरुको योग्यता तथा आवश्यकता अनुसार केही कृषकहरुको पुनः निरीक्षण गर्दछ। यसै अन्तर्गत आन्तरिक नियन्त्रण प्रणालीले निर्धारण गरेको प्राङ्गारिक मापदण्डको आधारमा कृषकको सबै गतिविधिहरूको अभिलेख राखी प्राङ्गारिक प्रमाणीकरण प्रक्रियालाई व्यवस्थित पार्ने उद्देश्यले नेपाल सरकारले जारी गरेको प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९ को आधारमा यो तालिम पुस्तिका तयार गरिएको छ ।

## २.३. प्राङ्गारिक खेती किन?

विश्वव्यापी औद्योगिकीकरण सँगसँगै तिव्ररूपले बढिरहेका जनसङ्ख्या तथा खाद्यपदार्थको उच्च मागले कृषि क्षेत्रमा व्यापक रूपमा रासायनिक मल तथा विषादीहरूको प्रयोग अत्याधिक बढेको छ । विषादीहरूको प्रयोगले शत्रूजीव मात्रै नभई विभिन्न मित्र जीवहरूको नाशसँगै जैविक विविधता, वातावरण र माटोको उर्वराशक्तिमा ह्रास आइरहेको छ । कृषि विकास मन्त्रालयको प्रतिवेदन अनुसार विश्वभरिका ४ करोड मानिसहरू कुनै न कुनै रूपमा विषादीबाट प्रभावित छन् भने ३ लाख ५५ हजार बार्षिक मृत्यु विषादीको कारणबाट हुनेगरेको छ जुन आँकडा प्रथम विश्व युद्धमा ज्यान गुमाउने संख्या ४ करोड १० लाखको हाराहारिमा रहेको देखिन्छ ।

प्राङ्गारिक खेती भन्नाले विषादी, तथा आनुवंशिक रूप परिवर्तन गरिएको संशोधित जीवहरूको प्रयोग विना नै स्वास्थ्य जैविक विविधता, जैविक चक्र तथा माटोको जैविक क्रियाकलापहरूलाई प्राकृतिक रूपमा नै रहने गरी गरिने कृषि कार्य बुझिन्छ । प्राङ्गारिक खेतीमा स्थानीय स्तरमा नै रहेका प्राकृतिक स्रोतसाधनहरूको उचित व्यवस्थापन गरी, स्थानीय नश्ल/बीउ बिजनको संरक्षण गर्दै प्राङ्गारिक मल तथा जैविक विषादीहरूको प्रयोग गरी स्वास्थ्य कृषि उत्पादन लिनु हो ।

## २.४. प्राङ्गारिक खेतीका सिद्धान्तहरू

प्राङ्गारिक खेतीमा जल, जङ्गल, जमिन, माटो, वातावरण र जीवहरूको समुचित प्रयोगबाट खाद्यपदार्थ तथा साधनहरूको उत्पादन गरिन्छ । प्राङ्गारिक खेतीले प्राकृतिक स्रोतसाधनहरू प्रयोगको नैतिक सिद्धान्तहरूलाई व्यवहारमा लागू गर्दै जैविक विविधता संरक्षण गर्न उत्प्रेरित गर्छ । परिवर्तित समयसँगै आम उपभोक्तामा स्वस्थ खानाप्रति सजगता बढिरहेको छ । पारिवारिक स्वास्थ्यको लागि सुरक्षित खाद्यान्न खरिद गर्दा उच्च मूल्य तिर्न पनि उपभोक्ताहरू तयार देखिन्छन् । तर उपभोक्ताहरू आफूले खरिद गर्ने कृषि उपजहरू प्राङ्गारिक खेती प्रणालीबाट उत्पादित भएको हो भन्ने प्रमाणित आधार खोज्दछन् ताकि खरिद सामग्रीहरू विषादी रहित होस् । कृषकहरू पनि आफूले उत्पादन गरेको सामग्रीहरूको उचित मूल्य लिनको लागि स्वस्थ उत्पादनको उच्च मूल्य तिर्न तत्पर केताहरूको खोजीमा रहन्छन् । अतः पिजिएसले प्राङ्गारिक उत्पादन गर्ने कृषक र उपभोक्ताको चाहनालाई मध्यनजर राखी प्राङ्गारिक











खेतीलाई प्रमाणीकरण गर्दै विश्वासको वातावरण तयार गर्नु र प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्दछ ।

## २.५. सामूहिक प्रमाणीकरण

सामूहिक प्रमाणीकरण भन्नाले अग्रिम रूपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै पनि कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पूरा गर्नु पर्ने शर्तहरू पूरा गरिएको छ भनी तेस्रो पक्षले सामूहिक रूपमादिने लिखित सुनिश्चिता सम्झनुपर्छ ।

### २.५.१. सामूहिक प्रमाणीकरणका अवधारणाहरु

१. पारस्परिक/आपसी विश्वास नै सामूहिक प्रमाणीकरणको मूल जग हो । यस प्रणालीले उत्पादक, उपभोक्ता, मध्यस्थकर्ता व्यापारी, प्राविधिक र सरोकारवालाहरूलाई उत्तरदायी बनाई विश्वासको आधार स्थापना र कार्यान्वयन गर्दछ । स्थानीयस्तरको सामाजिक, साँस्कृतिक र प्राकृतिक साधनको संरक्षण र जैविक कृषिलाई निष्ठावान् प्रणाली स्थापित गर्नु पिजिएसको मूल लक्ष्य हो ।

२. सामूहिक प्रमाणीकरणले कृषक, उपभोक्ता र सम्पूर्ण सरोकारवालाहरूलाई सामूहिक प्रत्याभूति प्रक्रियाका क्रियाकलापहरूलाई पारदार्शी रूपमा निर्दिष्ट गर्दै सामूहिक निर्णय गर्न सजिलो पार्दछ । यस प्रक्रियाका सम्पूर्ण नियम तथा विधिहरू सबैलाई जानकारी हुनुपर्छ भन्दा पनि पिजिएस कसरी सञ्चालनमा आउछ भन्ने कुरा जानकारी पाउनु महत्वपूर्ण हुन्छ ।

३. उत्पादक र सरोकारवालाहरू बीच सञ्चालन र सामूहिक जिम्मेवारीको भावना विकास गर्नु सामूहिक प्रमाणीकरणको मान्यतामा पर्दछ । त्यसैले सामूहिक प्रमाणीकरण सम्पूर्ण जैविक आपूर्ति श्रृङ्खलाका पात्रहरूको उत्तरदायित्व स्पष्टसँग उल्लेख गरिन्छ र प्रत्येकले आ-आफ्नो जिम्मेवारी बहन गर्नुपर्दछ ।



सरोकारवालाहरु खेत/बाली अवलोकन गर्दै

४. सामूहिक प्रमाणीकरणले यसका सम्पूर्ण सरोकारवालाहरूलाई योजना, उद्देश्य र निश्चित कियाकलापहरूको विकासको लागि निर्दिष्ट गर्दछ। यसमा विकेन्द्रीकरणको सिद्धान्त अनुरूप सहभागितामूलक निर्णय गरिने हुँदा यसका हरेक क्रियाशील सदस्यहरूको क्षमता वृद्धिको लागि सहयोग पुग्छ ।
५. स्वस्थ खाना, स्वस्थ जीवन नै सामूहिक प्रमाणीकरण प्रणालीको मूल नारा हो । यसका सदस्यहरू जैविक खाद्य उत्पादन, बजार र वितरणमा प्रतिबद्ध भएका हुन्छन् ।
६. प्राङ्गारिक खेती प्रसारको लागि उत्पादक र उपभोक्तालाई प्रत्यक्ष रूपमा उपस्थित गराई प्रक्रिया प्रदर्शन गरी देखेर विश्वास गर्ने वातावरण सृजना गरी सम्पूर्ण सरोकारवालाहरूलाई जागरूक बनाई ग्रामीण भेगमा उत्साह पैदा गर्दछ ।
७. पर्यावरणीय संरक्षण, जैविक विविधताको रक्षा अनि निष्पक्षताको सुनिश्चितता गर्दछ ।

### २.५.२ सामूहिक प्रमाणीकरण किन ?

प्राङ्गारिक खेती गर्ने किसानको उत्पादनलाई प्राङ्गारिक गुणस्तर प्रमाणीकरण गर्नु र स्वयं कृषकलाई पनि प्रमाणीकरण प्रक्रियामा सहभागी गराउन पिजिएस लागू भएका स्थानका कृषकहरू स्वस्फूर्त तरिकाले यसका प्रक्रियामा लाग्नुका पछाडि निम्न कारणहरू छन् :

१. यसका कार्यविधिहरू सामान्य र सजिला छन् ।
२. कृषक अशिक्षित भएको अवस्थामा अनुगमन प्रक्रिया मौखिक अन्तर्वार्ता, प्रश्न-उत्तर सर्वेक्षण वा भिडियो रेकर्डिङ्ग मार्फत पनि गर्न सकिन्छ ।
३. खेती अनुगमन स्थानीय निरीक्षक मार्फत गर्न सकिन्छ जसलाई उक्त स्थानका खेती पद्धतिको राम्रो जानकारी होस् ।
४. यो प्रणाली साना, मझौला र सिमान्तकृत कृषकहरूको उत्पादन प्रमाणीकरणमा फलदायी हुन्छ ।
५. आफ्नो खेतीको प्राङ्गारिक प्रमाणीकरणमा स्वयं कृषक पनि सहभागी हुन्छन् ।
६. प्रमाणीकरण प्रक्रिया व्यक्तिगत ज्ञान र विश्वासको आधारमा हुन्छ र कागजी झन्झट कम हुन्छ ।

### २.५.३ सामूहिक प्रमाणीकरण मूल उद्देश्य र आवश्यकता

१. दीर्घकालिन, जैविक चक्रमा आधारित खेतीको व्यवस्थापन गर्ने ।
२. जमिनको दीर्घकालिन जैविक खाद्यतत्वको व्यवस्थापन गर्ने ।
३. उत्पादन श्रृङ्खलाका कुनै पनि चरणमा रासायनिक पदार्थहरूको प्रयोग नगर्ने ।
४. उत्पादन र आपूर्ति श्रृङ्खलाका कुनै पनि चरणमा वातावरणीय प्रदुषण हुन नदिने ।

५. कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयद्वारा सिफारिस नगरिएका अप्राकृतिक र अप्रमाणित बीउ/बिजन, विषादी वा प्रविधिको प्रयोग नगर्ने ।

६. कीट, पशुपंक्षि तथा वनस्पतिहरूलाई प्राकृतिक स्थितिमा रहन दिने र उनीहरूको बासस्थान र भौतिक परिवर्तन नगर्ने ।

७. निष्ठावान् रूपमा प्रदुषणमुक्त वातावरणमा गुणस्तरीय प्राङ्गारिक उत्पादन गरिएको हो भन्ने उपभोक्ताहरूलाई विश्वास दिलाउने र झुक्याउने प्रवृत्तिको अन्त्य गर्ने ।

८. प्राङ्गारिक प्रविधिलाई निष्ठावान् रूपमा उत्पादन र आपूर्तिका हरेक चरणमा पालना गर्ने ।

९. निष्पक्षता, सम्मान र न्यायको सिद्धान्तमा रहने ।

### २.५.४ सामूहिक प्रमाणीकरणका विशेषताहरु

सहभागिता मूलक गुणस्तर निर्धारण प्रणाली विभिन्न देश र ठाउँहरूमा परिस्थिति र अवस्था अनुरूप आ-आफ्नै किसिमले विकास भएको भए पनि यसका केही साझा विशेषताहरू छन् । जुन यस प्रकार छन् :

क. सुनिश्चित सदस्यहरू

ख. स्पष्ट फार्म अभिलेख

ग. मापदण्ड र मान्यताहरू

घ. लिखित व्यवस्थापकीय प्रणाली

ङ. निरीक्षक तथा प्रमाणीकरण समिति

च. साझा प्रतिक चिन्ह

छ. हरेक कृषकहरूको छुट्टाछुट्टै प्रामाणिक प्रमाणपत्र

### २.५.५ सामूहिक प्रमाणीकरणका मूलभूत पक्षहरु

- कृषकहरूले आफ्नो खेतीमा रासायनिक पदार्थहरू प्रयोग गर्दैनन् र जैविक खेतीका सिद्धान्तहरूमा कटिबद्ध रहन्छन् ।
- कृषकहरू नियमित रूपमा कृषि पाठशालामा उपस्थित भई सिक्ने सिकाउने गर्दछन् । कृषक आफ्नो दैनिक पुस्तिकामा क्रियाकलापहरू लिपीबद्ध गर्दछन् । कृषक आफ्नै र आफ्नो समूह सदस्यको जैविक खेतीको अनुगमन गर्दछन् ।
- अनुगमन समितिले पहिलो निरीक्षण, बाली रोप्ने बेलामा र अर्को बाली टिप्ने वा भण्डारणदेखि बिक्रीसम्मको कुनै पनि भौतिक अवस्थाको निरीक्षण गर्न सक्दछन् । पिजिएस अनुगमन पुस्तिकामा उल्लेखित कुनै पनि अवस्थाको निरीक्षण गरी अभिलेख राखिन्छ । अन्तर्वार्ताको माध्यमबाट कृषकलाई जैविक खेती प्रणाली बुझे नबुझेको सुनिश्चितता गर्दछ । यदि पिजिएस विधि अनुसार खेती भएको पाइएमा निरीक्षकहरूले प्रत्येक कृषकको निरीक्षण पुस्तिकामा दस्तखत गरी प्रमाणित गर्दछन् । कृषकको उपस्थितिमा निरीक्षण गरिनेछ र उक्त कृषकलाई पनि दस्तखत गराई सुनिश्चितता गरिन्छ ।
- अनुगमन पश्चात् समितिले प्राङ्गारिक/जैविक प्रमाणित गर्ने वा नगर्ने कुरामा निर्णय लिन्छन् । यो प्रक्रिया पिजिएस पुस्तिकाले निर्दिष्ठ गरेका चरणहरूमा रहेर गरिन्छ । सम्पूर्ण प्रक्रिया पुगेका समूह र सदस्यलाई प्रमाणपत्र दिइन्छ । तत् पश्चात् विक्री योगय उत्पादनहरूमा प्रमाणित चिन्ह लगाई बजारमा पठाइन्छ ।

### २.५.६ साना किसानको लागि सामूहिक प्रमाणीकरण :

साना किसानहरूको सामूहिक प्रमाणीकरण गर्नको लागि देहाएका शर्तहरू पूरा भएको हुनुपर्नेछ :

क. सामूहिक प्रमाणीकरणको व्यवस्थापनको लागि एक कार्य समिति हुनु पर्दछ । उक्त समितिले समूहका प्रत्येक सदस्यले प्राङ्गारिक मापदण्डको पालना गरे/नगरेको निधो गर्ने जिम्मेवारी वहन गर्नु पर्दछ । यस्ता समिति स्वत: स्फूर्त रुपमा बनेका कृषक समूह, सहकारी वा संघसंस्था तथा ब्यापारी वा प्रशोधक हुन सक्दछन् ।


ख. कृषकहरू एउटै समूहमा दर्ता भएको हुनु पर्दछ । प्रत्येक कृषकको व्यक्तिगत रुपमा प्रमाणीकरण नभई समूहमा आवद्ध सदस्यहरुको सामूहिक रूपमा प्रमाणीकरण गरी समूहको नाममा प्रमाण-पत्र दिइन्छ । समूहका कुनै एक सदस्यले व्यक्तिगत रूपमा प्रमाण पत्रको प्रयोग गर्न पाइदैन ।

ग. प्रत्येक समूह सदस्यले सम्झौता अनुसारको प्राङ्गारिक मापदण्ड तथा नियमको पालना गर्ने प्रतिबद्धता जनाउनु पर्दछ र आफ्नो उत्पादन क्षेत्रको निरीक्षणको लागि अनुमति दिनु पर्दछ ।

घ. सामूहिक प्रमाणीकरण गर्ने सम्बन्धित संस्थाले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्थापन गर्दछ । जस अन्तर्गत समूहका हरेक सदस्यको व्यक्तिगत विवरणका साथै सदस्यले अपनाएको प्रविधिको विवरणको अभिलेख (रेकर्ड) राख्ने र वर्षको कम्तिमा एक पटक निरीक्षण गर्नु पर्दछ ।

ङ. संस्थाले आन्तरिक नियन्त्रण प्रणालीको आधारमा हरेक सदस्यले प्राङ्गारिक मापदण्ड अनुसार काम गरे/नगरेको निरीक्षण गरी जुन सदस्यले मापदण्डको पालना गरेको हुँदैन उसलाई मापदण्डमा तोकिएको नियमानुसार कारवाही गर्नेछ ।

## २.६ सामुहिक प्रमाणीकरण संस्थागत संरचना र जिम्मेवार पदाधिकारी



### २.६.१ सामूहिक प्रमाणीकरण कार्यान्वयनका चरणहरु

१. स्थानीय समूह गठन गर्ने : प्राङ्गारिक/जैविक खेती गर्न चाहने र यसका सिद्धान्तहरू पलना गर्न सहमत एकै प्रकृतिका सदस्यहरू मिलाई समूह गठन गर्ने र उक्त समूहको नामकरण साथै सदस्यहरूको नाम, ठेगाना र सम्पर्क नम्बर राख्ने ।

२. कृषकहरूको प्रतिज्ञापत्र : प्राङ्गारिक वा जैविक खेतीका सिद्धान्तहरूलाई स्थानीय अवस्थामा मिलाई कार्यविधि र विधान बनाई यसको अक्षरसः पालना गर्न मौखिक तथा लिखित प्रतिबद्धता लिने ।

३. प्राङ्गारिक खेती गर्ने कृषकहरूको भूमिका र उत्तरदायित्वहरू :

- सदस्य दर्ता
- माइन्युट पुस्तिका
- कृषि सामग्री दर्ता पुस्तिका
- सम्पत्ति दर्ता पुस्तिका
- कृषक टिप्पणी पुस्तिका
- प्रतिज्ञापत्र र पिजिएस सिद्धान्त किताब
- पिजिएस अनुगमन पुस्तिका

४. **आन्तरिक नियन्त्रण प्रणाली** : उत्पादन प्रक्रियाको अनुगमन समूहबाटै छनौट गरिएका ६ जना सदस्यहरूबाटै हुन्छ । निश्चित क्षेत्रलाई आधार मानी क्लस्टर कार्यालय स्थापना गरिन्छ र त्यहाँ मासिक रूपमा बैठक बसी प्राङ्गारिक/जैविक खेती सम्बन्धी सूचना, प्रतिबेदन, अनुगमन बारेमा निर्णय गरिन्छ ।

५. **पिजिएस अनुगमन समिति :** कृषक, उपभोक्ता र सरोकारवालाहरूबाट छनौट गरी अनुगमन समिति गठन गरिन्छ र उक्त समितिले प्राङ्गारिक/जैविक खेतीको अनुगमन गर्दछ । हरेक समूहले सम्पूर्ण समूह सदस्यको कृषि कार्यका आन्तरिक अनुगमन पनि गर्दछ । पिजिएस अनुगमन कम्तिमा २ पटक हरेक बाली चक्र भित्र गरिन्छ ।



### २.६.२ अपेक्षित परिणाम

कृषि क्षेत्रबाट दीर्घकालीन रूपमा सुरक्षित खाद्यपदार्थ उत्पादन गरिएको हुनु नै यस प्रणालीको परिणाम वा नतिजा हो । प्राकृतिक स्रोतसाधनहरूको संरक्षण गरी जैविक विविधता कायम गर्दै स्वस्थ उत्पादन मार्फत लाभग्राहीहरूको आम्दानीको स्रोत बढाउन पिजिएस प्रणाली सफल वा फलदायी हुनसक्नेछ । तथापि निम्न मुख्य आशातीत परिणामहरूलाई बुँदागत गरिएको छ :

१. सुरक्षित खाद्यपदार्थको उत्पादन र उपभोगबाट पोषण र स्वास्थ्यको सुनिश्चितता ।
२. वातावरण र मानवीय स्वास्थ्यको सुरक्षा ।
३. रासायनिक पदार्थको प्रयोगमा कमी गराई उत्पादन मूल्य घटाउनु ।
४. स्थानीय र प्राकृतिक स्रोतसाधनहरूको व्यवस्थापन र समुचित उपभोग ।
५. उत्पादकहरूको आयमा वृद्धि ।

## २.७ पिजिएस मापदण्ड र यसको स्तरोन्नति

सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीले आफ्नो मापदण्ड तयार गर्ने क्रममा कुनै पनि एउटा प्रचलनमा आएको राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानेर वा धेरै मापदण्डको संमिश्रण गरेर र आफ्ना विशिष्ट अवस्था अनुसारका मापदण्डहरू श्रृजना गरेर तयार गर्न सकिन्छ । यसमा सम्बन्धित सरोकारवालाहरूको सहभागिता र संलग्नता अनिवार्य हुन्छ। यद्यपि, यो प्रक्रियाले केही लामो समय लिन सक्दछ तर पनि यसले सबै सरकोकारवालहरूको बीचमा सामूहिक बुझाइको विकास, स्वामित्वको महसुस र प्रणाली प्रतिको प्रतिवद्धताको विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ । सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीमा आवद्ध उत्पादकहरूले समय अनुसार आफूलाई आवश्यक परेमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रमाणीकरण निकायमा सम्पर्क गरी आफ्नो प्रमाणीकरणको स्तरोन्नति गर्न सक्दछन्। सोही अनुसार पि जि एस प्रणालीबाट प्रमाणीकरण गरिएका कृषि उत्पादनहरूलाई बजारीकरण गर्ने सन्दर्भमा उक्त कृषि उपजहरूको पहिचानका लागि निश्चित लोगो देहाय अनुसार तयार गरी प्रयोग गर्न सकिनेछ :

क. राष्ट्रिय मापदण्ड पूरा गरेका प्राङ्गारिक उत्पादनहरूका लागि

ख. स्थानीय मापदण्ड अनुसारको प्राङ्गारिक उत्पादनहरूका लागि

ग. परिवर्तन कालका प्राङ्गारिक उत्पादहरूका लागि

घ. विषादी रहित उत्पादनहरूका लागि

## २.८ पिजीएसका लागि आवश्यक पूर्व तयारीहरू

### २.८.१ उत्पादक, उपभोक्ता तथा सरोकारवाला पहिचान

जुन ठाउँमा १० वा त्यो भन्दा वढी कृषक घरपरिवार बीच प्राङ्गारिक उत्पादन र बजार विकासको सम्भाव्यता देखिन थालेको छ त्यो ठाउँमा पिजिएसको सुरूवात हुन सक्छ । यसको लागि पहिलो कदम सम्भावित उत्पादकहरू, तिनीहरूले गर्ने सम्भावित उत्पादन, त्यो उत्पादनमा रूची राख्न सक्ने उपभोक्ता, सहजीकरण तथा प्रवर्द्धन गर्ने संघसंस्थाहरूको सूची वनाउनु पर्दछ। यस्तो सूची बनाउदा प्राथमिक सरोकारवालाहरूलाई अग्रपंक्तिमा राखिन्छ। जस्तै :

क. प्राङ्गारिक उत्पादक कृषकहरू

ख. सम्बन्धित स्थानीय नियामक निकायहरू

ग. यहाँका प्राङ्गारिक उत्पादन प्रशोधन तथा बिक्री गर्ने व्यवसायीहरू

घ. उक्त उत्पादन उपभोग गर्न तत्पर उपभोक्ताहरू

ड. स्थानीय प्राङ्गारिक प्रवर्द्धनमा सहयोग पुर्याइरहेका संघसंस्था, प्राविधिक तथा विकासकर्मीहरू

सहभागीतामूलक गुणस्तर निर्धारण प्रणालीको प्रमुख सौन्दर्य नै स्थानीय पहल र जसको लागि यो प्रणालीको विकास गरिँदै छ उनीहरूको सहभागीतामा विकास गरिनु हो । प्राथमिक बाहेकका सरोकारवालाहरूलाई क्रमश: राख्दै गइन्छ। जस्तै:

क. पत्रकारहरू

ख. उत्पादन ढुवानीकर्ता

ग. बेला वेलामा उपभोग गर्ने उपभोक्ताहरू

### २.८.२ मापदण्ड निर्धारण

प्राङ्गारिक उत्पादन तथा उपभोग गर्नुको उद्देश्य नै आफ्नो स्वास्थ्य रक्षा, आम्दानी वृद्धि, सामाजिक न्यायको सुनिश्चितता तथा वरपको वातावरण संरक्षण हो। सामाजिक, आर्थिक, प्राकृतिक, प्राविधिक सवाल तथा अवस्थाहरू ठाउँ पिच्छे फरक पर्ने हुनाले प्राङ्गारिक खेतीका मापदण्डहरूका पनि ठाउँ पिच्छे फरक पर्न सक्दछन्। प्राङ्गारिकका आधारभूत मान्यताहरूमा खलल नपार्ने गरी तयार गरिने यस्ता मापदण्डहरू सुरूमा सरल र संक्षिप्त बनाउने र आवश्यकता तथा क्षमता बढेसँगै विस्तृत तथा गहन बनाउन सकिन्छ। यसका लागि अन्य ठाँउमा मापदण्डको उदाहरण तथा स्थानीय सहजकर्ताको सहयोगमा आफ्नो समूहका लागि उपयुक्त मापदण्ड बनाउनु पर्दछ। मापदण्ड बनाउँदा निम्न कुराहरू ख्याल गर्नुपर्दछ :

क. मापदण्डले भन्न खोजेका कुराहरू सबै सदस्यहरूले बुझ्न सक्ने हुनु पर्दछ।

ख. आफ्नो ठाउँमा आवश्यक कुराहरू मात्र मापदण्डमा समावेश गर्नु पर्दछ।

ग. स्थानीय परिवेशमा पालना गर्न सकिने हदसम्मका कुराहरू मात्र राख्नु पर्दछ। जस्तैः हरेक वर्ष माटो परीक्षण गर्नुपर्नेछ भन्ने जस्ता बुँदा ठूला कृषकहरूलाई सम्भव होला तर साना कृषकलाई हुँदैन।

सामान्यतया आन्तरिक मापदण्डमा छुट्न नहुने कुराहरू यसप्रकार छन् :

- न्यूनतम क्षेत्रफल
- रूपान्तरण अवधि
- समानान्तर उत्पादन
- सिमाना (मध्यवर्ती क्षेत्र)
- सरोकारवालहरूले अपनाउनु पर्ने व्यवहारहरू
- बाली कटानी तथा बाली उत्पादनोपरान्त गरिने क्रियाकलापहरू
- उत्पादनमा प्रयोग गर्न पाइने कृषि सामग्रीहरू र तरिका जस्तैः बीउ, मल, बाली संरक्षक, औजार

**समग्रमा मापदण्डमा दुई थरि नियमहरु हुन्छन्**

क. उत्पादन सम्बन्धी नियमहरूले प्राङ्गारिक उत्पादनको वातावरण, उत्पादन प्रक्रिया, कृषि लगानीहरू र कृषि उत्पादनको व्यस्थापन पक्षहरूको मात्र व्याख्या गरेको हुन्छ।

ख. उत्पादकले पालना गर्नु पर्ने शर्तहरूमा सदस्यताको आवेदन, प्राङ्गारिक गुणस्तर निर्धारण प्रक्रिया आवश्यक लिखित विवरणहरू, शर्तहरू पालना नगरेमा दिइने दण्ड, सजाय र जरिवानाको विषयमा व्याख्या गरिएको हुन्छ।

जुनसुकै अवस्थामा पनि मापदण्ड र प्रणालीको विकास, समीक्षा, मूल्याङ्कन र परिमार्जन प्रक्रियामा सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागितको जरूरी हुन्छ।

## २.९ सहभागितामुलक गुणस्तर निर्धारण पद्धतिका आचार संहिता तथा मापदण्ड (PGS standards)

### (क) जमिन

यस पद्धतिमा आवद्ध कृषकहरूले कमसेकम १०० बर्ग मिटर क्षेत्रफलमा प्राङ्गारिक कृषि उत्पादन गर्नुपर्ने छ। प्राङ्गारिक र अप्राङ्गारिक जमिनको सिमानामा १ मि फराकिलो सिमाना राख्नुपर्ने छ र त्यो सिमा क्षेत्रको उत्पादन प्राङ्गारिक उत्पादनमा मिसाउन पाइने छैन। एकपटक अर्गानिक खेतीका लागि छुट्याइएको जमिनमा कहिले अर्गानिक र कहिले रासायनिक खेती गर्न पाइने छैन।





## रुपान्तरण अवधि

जमीनको उत्पादन प्रणालीको शुद्धीकरणका लागि निम्नानुसारको रूपान्तरण अवधिको पालना गर्नुपर्ने छ । एक वर्षे बालीकाहकमा रूपान्तरण अवधि पूरा भएपछि लगाइएको बाली तथा बहुबर्षीय बालीका हकमा रूपान्तरण अवधि पूरा भएपछि फुल्न पलाउन थालेको उत्पादन मात्र प्राङ्गारिक उपजका रूपमा स्वीकार गरिनेछ ।

## जमीन

- रासायनिक मल तथा हरियो तहका बिषादी प्रयोग भएको अवस्थामा - ३० दिन
- नीलो, पँहेलो तथा रातो तहको बिषादी जमीन माथि प्रयोग भएको अवस्थामा - ४५ दिन
- पँहेलो तथा रातो तहको बिषादी माटोमै प्रयोग भएको अवस्थामा - ६० दिन
- झार नाशक बिषादीको प्रयोग भएको अवस्थामा - ६० दिन

## (ख) बीउ

सकेसम्म स्थानीय जातका र प्राङ्गारिक स्रोतकै बीउ प्रयोग गर्नु पर्ने छ र नजिकमा त्यस्ता बीउहरू उपलब्ध हुन नसकेमा अन्य बीउहरू प्रयोग गर्न पाइनेछ । अनुवंश परिवर्तित (GMO) बीउहरू प्रयोग गर्न पाइने छैन । सकेसम्म स्थानीय र उन्नत बीउहरू प्रयोग गर्नुपर्ने छ । हाइब्रीड प्रयोग गर्नु परेको अस्थामा पनि अन्नपातको हकमा आफ्नो कुल प्राङ्गारिक जमिनको ४० प्रतिशत र तरकारी बालीहरूको हकमा ६० प्रतिशतभन्दा बढि क्षेत्रमा प्रयोग गर्न पाइने छैन ।

## (ग) माटो

सकेसम्म आफ्नै घर बारीमा उत्पादित गोठेमल, हरियोमल तथा कम्पोष्टमल प्रयोग गर्नुपर्ने छ । नपुगेको अवस्थामा मात्र वाह्य स्रोतबाट प्राङ्गारिक पदार्थ ल्याएर माटोको आवश्यकता पूरा गर्न सकिनेछ । त्यस्तो सामग्री बाहिरबाट ल्याउनु पर्दा प्रमाणीकरण समितिमा जानकारी दिनुपर्दछ । प्राङ्गारिक पदार्थको स्रोतका लागि सामुदायिक तथा सार्बजनिक बनको अनधिकृत प्रयोग तथा अतिक्रमण गर्न पाइने छैन । माटोको गुणस्तर संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक मल निकास, घाँसेहार, बालीचक्र, कोशेबालीको



प्रयोग, गर्नुपर्ने छ । काँडाकुँडी तथा संक्रामक रोगग्रस्त बाली बिरूवा बाहेक अन्य कृषि अवशेषहरू डढाँउन पाइने छैन । कमसेकम हरेक ३, ३ बर्षमा माटोको प्राङ्गारिक पदार्थको मात्रा परीक्षण गराई आवश्यक सुधारको पहल गर्नुपर्छ । छिटोभन्दा छिटो माटोमा प्राङ्गारिक पदार्थको मात्रा १० प्रतिशत कायम गराउने तर्फ प्रयत्नशील रहनु पर्नेछ ।

### (घ) बाली प्रणाली

बालीलगाउने क्रममा विविधता र बालीचक्रमा जोड दिनुपर्ने छ । जमीनमा अवस्थित बालीको संख्या १० नपुगुन्जेल प्रति १ शय वर्ग मिटर क्षेत्रफलमा कमसेकम २ बाली कायम गर्नु पर्दछ । १ बाली पछी अर्को त्यही बाली नलगाई हरेक मौसममा मुख्य वा घुसुवा बालीको रूपमा कोशेबालीलाई प्रथामिकता दिनु पर्नेछ ।

### (ङ) पानी व्यवस्थापन

खेतबारीमा सिँचाइका लागि खोला, कुला, जुठेल्ना, निमाहा इत्यादिको पानी प्रयोग गर्नुपर्छ । तर उपरोक्त स्रोतहरूमा असर पर्ने रासायनिक मल तथा बिषादीको संक्रमण हुन सक्ने संभाबना भएको अवस्थामा भने उक्त स्रोतको पानी प्रयोग गर्न पाइनेछैन । सिँचाइ गर्दा पानीको अत्याधिक सदुपयोग गर्ने र सामाजिक न्यायको पालना गर्ने तर्फ सजग रहनु पर्नेछ ।

### (च) रोगकीराको व्यवस्थापन

रोगकीरा व्यवस्थापनका लागि कृषिगत, भौतिक, जैविक तथा वानस्पतिक तरिकाहरू अपनाउनु पर्नेछ । कुनै पनि अवस्थामा प्रतिबन्धित रासायनिक विषादी प्रयोग गर्न पाइने छैन । वानस्पतिक तथा भौतिक तरिकामा मान्छे अनि मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकुल प्रभाव पर्ने सामग्री तथा प्रविधि जस्तैः सुर्ती, प्लास्टिक इत्यादिको प्रयोगप्रति सजग रहनु पर्नेछ । रासायनिक पदार्थ प्रयोग गर्नका लागि उपयोग गरिएको स्प्रेयर प्राङ्गारिक विषादी छर्न प्रयोग गर्नु परेको अवस्थामा २ पटक साबुन पानीले पखालेर मात्र प्रयोग गर्नुपर्छ । बिषादीको अवशेषहरू रहेका स्प्रेयर तथा अन्य भाँडाबर्तनहरू सफा गर्दाको पानी प्राङ्गारिक जमिनमा फाल्न पाइने छैन ।

### (छ). बाली लिने, भण्डारण र बजार

अप्राङ्गारिक र प्राङ्गारिक उपजहरूको टिपाइ छुट्टा छुट्टै गर्नुपर्छ । बाली लिइसके पछी आवश्यक सफाइ, केलाइ, सुकाइ, बताइ गरेर ग्रेडिङ्ग गरेर मात्र बजार लैजानु पर्नेछ । बजार मूल्य राख्दा र नाफा घाटाको वितरण गर्दा पारदर्शी एवं न्यायोचित तरिकाले गर्नु पर्दछ । यस्ता उपजहरूलाई भण्डारण तथा ढुवानी गर्दा स्पष्ट संकेत राखी आपसमा नमिसिने गरी राख्नुपर्नेछ । सामग्रीको बिक्री वितरणका लागि हाम्रो समूह/सहकारी/समितिद्वारा सञ्चालित बिक्री केन्द्र मार्फत गर्नमा प्रथामिकता दिनु पर्नेछ ।



### (ज) निरीक्षण र प्रमाणीकरण

प्राङ्गारिक उत्पादन प्रणाली मापदण्ड अनुरूपले नचलेको हेर्न, निरीक्षण गर्न र सहजीकरण गर्नका लागि समूहले खटाएका निरीक्षकहरू सक्रिय रहनु पर्नेछ । निरीक्षकहरूको प्रतिबेदन समेतका आधारमा समूह अन्तर्गतको व्यवस्थापन समितिले प्रमाणीकरण सम्बन्धी निर्णयहरू पर्दछन् । प्राङ्गारिक उत्पादक तथा बिक्रेताले समितिबाट अनिवार्य रुपमा परिचयपत्र लिनुपर्नेछ ।



### (झ) जोखिम व्यवस्थापन तथा उत्पादनको गुणस्तर पहिचान

प्राङ्गारिक उत्पादन गर्ने क्रममा कुनै असाध्य समस्या आई उत्पादन जोखिममा पर्न जाने अवस्थामा कृषकले आफ्नो तथा कृषि प्रणालीको सुरक्षाका लागि प्रमाणीकरण समितिलाई जानकारी दिई आवश्यक सुरक्षात्मक उपायहरूको अवलम्बन गर्न सक्नेछन् । त्यस्तो अवस्थामा उत्पादन प्रणालीको अवस्था हेरी उक्त उत्पादनहरूलाई प्राङ्गारिक बाहेकको निम्न अनुसारको पहिचान संकेत प्रदान गरिने छ :



### प्राङ्गारिक उत्पादनका सन्दर्भमा निम्नानुसार संकेत दिइने छ :

| | | |
|---|---|---|
| १. | युरिया, डिएपी र पोटास गरी प्रति बर्ग मिटर १०० ग्रामभन्दा बढी प्रयोग गरेको | आइपीएम उत्पादन |
| २. | हरियो तहका बिषादी बाली लिनुभन्दा ७ दिन अगाडि प्रयोग भएको | |
| ३. | युरिया, डिएपी र पोटास गरी प्रति बर्ग मिटर १०० ग्रामसम्म प्रयोग गरेको तर बिषादी प्रयोग नगरिएको | बिषादी रहित उत्पादन |
| ४. | परिवर्तन काल बाँकी रहेको | परिवर्तन कालको प्राङ्गारिक उत्पादन |
| ५. | ...............पीजीएस व्यवस्थापन समितिको मापदण्ड पूरा गरेको | प्रमाणित प्राङ्गारिक उत्पादन |

मथि उल्लेखित १, २ र ३ नम्बर बुँदा अनुसारको उत्पादनमा पीजीएसको लोगो प्रयोग गर्न दिइने छैन तर सहकारीको पहिचान तथा बजार संयन्त्र प्रयोग गर्न दिइनेछ र आवश्यक परिवर्तन काल पूरा गरी प्राङ्गारिक प्रणालीमा आउने अनुमति दिइने छ । तर यस्तो परिवर्तन २ पटक भन्दा बढी गर्न पाईने छैन ।

### प्राङ्गारिक उपजको संकेतको नमुना

............................ कृषि सहकारी संस्था,

.........................................................

प्राङ्गारिक कृषि उत्पादन

उत्पादन : ......................   कोड : ......................   उत्पादकको छाप :

ग्रेड : .........   उत्पादकको नाम : .....................................

मात्रा : .........................   उत्पादन मिति : .....................

### (ञ) सहभागिता, पारदर्शिता र गोपनीयता

यस मापदड अनुसारको उत्पादन निरीक्षण, प्रमाणीकरण, बजारीकरण सम्बन्धी नीति निर्माण र कार्यान्वयनका सवालमा व्यवस्थापन समूह मार्फत गरिने छलफल तथा नीर्णयहरूमा सहभागी हुनुपर्नेछ । आवश्यकता अनुसारको पारदर्शिता र गोपनीयता कार्यक्रम गर्नु पर्नेछ ।

### (ट) अभिलेख

- हामीले प्रयोग गरेका सामग्रीहरुको रेकर्ड राख्ने र सरोकारवालाहरुले हेर्न चाहेमा देखाउने ।
- उत्पादित वस्तुलाई सरोकारवालाले प्रयोगशाला परीक्षण गर्न चाहेमा नमुना उपलब्ध गराउने ।
- नियमित रुपमा माटो परीक्षण गराई रेकर्ड राख्ने र उचित व्यवस्थापन गर्ने
- प्राङ्गारिक उत्पादन तथा बिक्री गर्ने व्यक्तिले प्राङ्गारिक कृषि अभियानलाई सफल, विश्वसनीय र प्रभावकारी बनाउने भावना व्यवहारमा देखाउने

## २.१० सहभागितामुलक गुणस्तर निर्धारण पद्धति (पीजीएस) को कार्यविधि (PGS working procedure)

### १. नाम

यो पीजीएसको नाम ...................... रहने छ र यसको सञ्चालन ...................... पीजीएस व्यवस्थापन समितिले गर्ने छ ।

### २. सदस्यताका लागि योग्यता:

#### २.१ उत्पादक

- परियोजनाको कमाण्ड क्षेत्र भित्र उत्पादन क्षेत्र (नीजी वा अधियाँ वा करार) भएको
- कृषि उत्पादन पेशामा आवद्ध भएको
- समूह/समिति/समुदाय/सहकारी/संस्थामा आवद्ध भएको
- समूहको प्राङ्गारिक मापदण्ड पूरा गरेको
- समूहको निर्णयहरूलाई पालना गर्न मञ्जुर भई अनुसूची १ अनुसारको मञ्जुरिनामा भरेको

- अनुसूची २ अनुसारको कृषकको व्यक्तिगत विवरण भरेर बुझाएको र व्यवस्थापन समितिबाट स्वीकृत भएको
- १८ वर्ष पूरा भएको

### २.२ उपभोक्ता:

- परियोजनाको कमाण्ड क्षेत्र जिल्ला भित्र स्थाई वा अस्थाई बसोबास भएको
- यस समिति अन्तर्गतका उत्पादक कृषकहरूको उत्पादन नियमित रूपमा खरिद तथा उपभोग गर्ने

### २.३ सरोकारवाला

यस पिजिएसका सरोकारवाला प्राङ्गारिक कृषिमा सरोकार राख्नुहुने सम्पूर्ण कृषक, कृषक समूह, कृषि सहकारी, सरकारी तथा गैर सरकारी निकायहरू रहने छन् ।

### ३. सदस्यता स्वीकार तथा थप सदस्यता

प्रारम्भिक सदस्यता बितरण समितिले तोकिएको दिन हुनेछ । त्यस पछि पनि आवेदन खुल्ला रहनेछ तर निरीक्षण तथा नयाँ सदस्यता वितरण ४ महिनामा १ पटक गरिनेछ । मापदण्ड पूरा गरेर आएको कृषकलाई आवश्यक निरीक्षण गरी प्रमाणपत्र दिने र सदस्यता प्रदान गर्ने दायित्व व्यवस्थापन समितिको हुनेछ । तर सदस्यतालाई बजार व्यवस्थापनको सुनिश्चितता भने मानिने छैन ।

## २.११ संगठनात्मक संरचना

### २.११.१ पीजीएस व्यवस्थापन समिति

समूहका सबै सदस्य मध्येबाट उत्पादन, प्रमाणीकरण, बजार व्यवस्थापन, संस्थागत बिकास लगायत समग्र बिषयमा नेतृत्व प्रदान गर्न सक्ने एक चुस्त, सक्रिय र सक्षम व्यवस्थापन समिति गठन गरिनेछ । यो समिति ७ सदस्यीय हुनेछ । व्यवस्थापन समितिले गर्नुपर्ने कामहरू यस प्रकार छन् :

क. संस्थाको प्रतिनिधित्व गर्ने

ख. समूह अन्तर्गतका उत्पादक, इच्छुक उपभोक्ता र सम्लग्न सरोकारवालाहरूलाई आफ्नो मापदण्ड बारे कारण सहित स्पष्ट पार्ने । उत्पादकहरूलाई मापदण्डको अद्यावधिक प्रतिलिपी उपलब्ध गराउने

ग. उत्पादक सदस्यको फार्ममा कार्य बिधि अनुसार नियमित निरीक्षण गराउने र आवश्यक निर्णय दिने

घ. उत्पादकहरूको खेतबारीमा आइपरेका प्राविधिक समस्याहरूको हल गर्नका लागि आवश्यक कार्य सम्बन्ध सक्रिय राख्ने

ङ. संस्थालाई आवश्यक जनशक्ति विकास गर्ने

च. संस्थाका नियमित तथा भैपरि आउने कार्यहरू सञ्चालन गर्ने

छ. आन्तरिक एबं बाह्य द्वन्द तथा परिवर्तनहरूको व्यवस्थापन गर्ने

ज. बजार व्यवस्थापन तथा संस्थागत बिकासका योजनाहरू सञ्चालन गर्ने

झ. समूहमा आबद्ध सबै सरोकारवाला सदस्यहरूको अद्यावधिक विवरण राख्ने

ञ. आवश्यकता अनुसार मापदण्ड तथा कार्य विधीहरूमा हेरफेर तथा सुधार गर्ने

### २.११.२ प्रमाणीकरण समिति

व्यवस्थापन समिति अन्तर्गत प्रमाणीकरण सम्बन्धी निर्णयहरू गर्नका लागि एउटा छुट्टै प्रमाणीकरण समिति गठन गरिनेछ । यस्तो समिति व्यवस्थापन समितिका सदस्य मध्येबाट नै बनाइने छ । यस समितिको मुख्य काम

निरीक्षकले दिएको प्रतिवेदनहरू अध्ययन गरी, आवश्यक थप जानकारीहरू खोजमेल गरी कुन कुन कृषकहरू प्रमाणपत्र दिन योग्य छन् भन्ने कुराको निर्क्योल गर्नु र व्यवस्थापन समितिको अनुमोदनमा प्रमाणपत्र प्रदान गर्नु हो ।

**समग्रमा प्रमाणीकरण समितिको काम यस प्रकार हुनेछन् :**

क. आन्तरिक निरीक्षकको प्रतिवेदनको समीक्षा गर्ने

ख. सम्बन्धित कृषकको अभिलेख, निरीक्षकको प्रतिवेदन, परोक्ष सूचना तथा पुष्ट्याँईहरू, समूहको नीति नियम र मापदण्डहरूका आधारमा प्रमाणीकरण दिन मिल्ने नमिल्ने नीर्णय गर्ने

ग. सम्बन्धित कृषकले सुधार गर्नु पर्ने पक्षहरूको पहिचान गरी सो विषयमा कृषकलाई जानकारी दिने

घ. दण्ड सजाय तथा पुरस्कार दिनु पर्ने कृषकहरूको लिष्ट तयार गर्ने र कार्यान्वयनका लागि सुझाब सहित व्यवस्थापन समितिमा सिफारिस गर्ने

### २.११.३ पीजीएस संयोजक

व्यवस्थापन समितिका सदस्यहरू मध्येबाट एक जना संयोजक चयन गरिनेछ जस्ले सिङ्गो समितिको सम्पर्क व्यक्ति, सचिब तथा प्रबक्ताको भूमिका निर्वाह गर्नुहुने छ ।

**संयोजक हुनको लागि देहायको योग्यता आवश्यक पर्दछ :**

क. प्राङ्गारिक खेतीबारे स्पष्ट जानकारी भएको

ख. समूहको आन्तरिक मापदण्ड सम्बन्धी ज्ञान भएको

ग. पीजीएस सञ्चालन प्रक्रिया व्यवस्थापन सम्बन्धी ज्ञान भएको

घ. समूह व्यवस्थापन तथा परिचालन सम्बन्धी ज्ञान तथा सीप भएको

ङ. समूहका सदस्य, सम्लग्न सरोकारवाला, नियामक निकायहरू चिनेको र स्थानीय परिबेश बुझेको

च. छलफलको टिपोट राख्न, प्रतिबेदन लेख्न, सूचना आदान प्रदान गर्न र कार्यालय व्यवस्थापन गर्न सक्ने

**पीजीएस संयोजकका काम कर्तव्यहरु**

क. संस्थागत सूचनाहरूको व्यवस्थापन गर्ने

ख. कृषक तथा अन्य सदस्यहरूको लगत अद्यावधिक राख्ने

ग. जोखिम पहिचान गरी व्यवस्थापन रणनीति तथा योजना प्रस्ताब गर्ने

घ. फिल्ड सहजकर्तासँग समन्वय गरी कृषकहरूका समस्या समाधानको पहल गर्ने

ङ. व्यवस्थापन समितिको सिफारिस अनुसार आन्तरिक निरीक्षणको लागि निरीक्षकहरू खटाउने

च. हरेक कृषको व्यक्तिगत, कृषिगत, निरीक्षण, व्यापारिक तथा प्रशासनिक अभिलेखहरू अद्याबधिक गर्ने

### २.११.४ निरीक्षक

सामूहिक प्रमाणीकरणका लागि समूहको तर्फबाट कृषकको कृषि उत्पादन प्रक्रियाको अध्ययन, अबलोकन र जाँचपडताल गर्ने जिम्मेवारी प्राप्त निरीक्षक चयन गरिनेछ । यसका लागि योग्य व्यक्ति समूह भित्रबाटै छनौट गरी तालिम दिएर सक्षम बनाइनेछ। सामान्यतया ५० जना उत्पादक कृषक बराबर १ जना निरीक्षक चयन गरिनेछ ।

निरीक्षकको काम काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

क. व्यवस्थापन समितिले दिएको क्षेत्राधिकार भित्रका किसानको खेतबारीको अवलोकन गर्ने
ख. किसानले राखेका अभिलेखहरू (रेकर्ड) को निरीक्षण गर्ने
ग. किसानहरूसँग अन्तर्वार्ता लिने
घ. किसानका घर परिवार सदस्य तथा अन्य छिमेकीहरूसँगको अन्तर्वार्ता लिने
ङ. किसानले भने गरेका क्रियाकलाप, व्यवस्थापन समितिमा दाखिला भएका रेकर्डहरू, छरछिमेकीका रायहरू, खेतबारीमा देखिएका क्रियाकलाप र अवस्थाहरू मिले नमिलेको छुट्याउने
च. आवश्यक परेमा प्रयोगशाला परीक्षणहरू गराउने
छ. यी सबै जानकारीहरू समेटेर निरीक्षण फारम भर्ने, प्रतिवेदन तयार गर्ने र संयोजकलाई बुझाउने

**आन्तरिक निरीक्षक हुनका लागि निम्न अनुसारको योग्यता हुनु जरुरी छ :**

क. प्राङ्गारिक खेतीबारे स्पष्ट जानकारी भएको,
ख. पीजीएस व्यवस्थापन सम्बन्धी ज्ञान भएको,
ग. समूहको आन्तरिक मापदण्ड सम्बन्धी ज्ञान भएको,
घ. आन्तरिक निरीक्षकको तालिम लिएको व्यवहारिक अभ्यास गरेको
ङ. समूहमा विश्वसनीय र निष्पक्ष व्यवहारका लागि मान्यता पाएको
च. समय दिन सक्ने, समूहको व्यवस्थापकीय संरचनामा मिलेर काम गर्न सक्ने
छ. सूचनाहरूको बहुआयामिक संकलन, पुष्टि, सम्प्रेषण तथा गोपनीयता व्यवस्थापन गर्न सक्ने
ज. प्रमाणीकरण समिति तथा अन्य जिम्मेबार निकायको बहालवाला सदस्य नरहेको

## २.११.५ फिल्ड सहजकर्ता

कृषकहरूलाई समय समयमा पर्ने प्राबिधिक तथा व्यवस्थापकीय समस्याको समाधान गर्न सहजीकरण गर्ने जिम्मेबारी प्राप्त व्यक्ति फिल्ड सहजकर्ता हो । फिल्ड सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

क. कृषकलाई रेकर्ड राख्न तथा जग्गाको नक्सा बनाउन सहयोग गर्ने
ख. अभिलेख (आवश्यक रेकर्डहरू) व्यवस्थापन गर्न संयोजकलाई सहयोग गर्ने
ग. कृषकहरूलाई आन्तरिक मापदण्डबारे जानकारी दिने र भ्रम निवारण गर्ने
घ. उत्पादन, ग्रेडिङ्ग, प्रशोधन, भण्डारण, प्याकेजिङ्ग, बजारीकरण बारे कृषकले गर्नुपर्ने सुधारहरूबारे सम्बन्धित कृषकलाई जानकारी गराउने
ङ. उत्पादन अनुमान तयार गर्ने, उत्पादन रेकर्ड राख्ने
च. कृषकहरूलाई तालिम व्यवस्थापन गर्ने

**फिल्ड सहजकर्ता हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ :**

क. प्राङ्गारिक खेतीबारे स्पष्ट जानकारी भएको
ख. पीजीएस सञ्चालन प्रक्रिया सम्बन्धी ज्ञान भएको
ग. सामुदायिक मानव स्रोत व्यवस्थापन गर्न सक्ने
घ. अभिलेख व्यवस्थापन गर्न सक्ने
ङ. आन्तरिक मापदण्डबारे स्पष्ट जानकारी भएको
च. अर्गानिक खेती सम्बन्धी स्रोत केन्द्र तथा स्रोत व्यक्तिहरू बारे राम्रो जानकार भएको

यी आधारभुत संरचना तथा जिम्मेबारीहरू बाहेक पनि समूहले आवश्यकता महसुस गरेमा अन्य पद तथा समितिहरूको सिर्जना गरी कामको बाँडफाँट गर्न सक्नेछ ।

माथि उल्लेखित समितिहरूको कार्य अवधि ३ वर्षको हुनेछ र हरेक ३ वर्षमा सदस्यहरू मध्येबाट प्रजातान्त्रिक तरिकाले नयाँ समिति गठन गरिनेछ। कार्य अवधि बाँकी छदै राजिनामा वा कारबाही वा मृत्युका कारण समितिका कुनै पद खाली हुन आएमा समितिका बाँकी बहालवाला सदस्यहरू बीच जिम्मेबारी बाँडफाँट गरी मिलान गरिनेछ । समितिको आफ्नै कार्यालय हुनेछ । समितिको बैठक, जीम्मेवारी निरूपण तथा अभिलेख एबं जिन्सीहरूको भण्डारण सोही कार्यालयमा हुनेछ । सामान्य अवस्थामा समितिहरूको बैठक हरेक ४, ४ महिनामा १ पटक बस्नेछ ।

## २.१२ निरीक्षण

व्यवस्थापन समितिको निर्देशन अनुसार हरेक कृषकको वर्षमा कमसेकम २ पटक निरीक्षण गरिनेछ । कुन निरीक्षकले कुन क्षेत्रका कुनकुन कृषकहरूको निरीक्षण गर्ने भन्ने योजना व्यवस्थापन समितिले गर्नेछ । निरीक्षकहरूले आवश्यकता अनुसार छड्के जाँच गरिरहनु पर्दछ।

## २.१३ अभिलेखीकरण

हरेक कृषकको नाम, संकेत नम्बर, कूल क्षेत्रफल, प्राङ्गारिक खेती गर्ने जग्गाको क्षेत्रफल, प्राङ्गारिक कृषकको रूपमा दर्ता भएको मिति, बालीका प्रकारहरू, अनुमानित उत्पादन र उत्पादन लिने समय, आन्तरिक निरीक्षण गरिएको मिति, आन्तरिक निरीक्षकको नाम, आन्तरिक निरीक्षणको नतिजा, लागेका प्रतिक चिन्हहरू र प्रयोगको विवरण आदि सबै जानकारीहरू समितिको कार्यालयमा सुरक्षित हुनु पर्दछ । यसका लागि निम्न प्रकारका अभिलेख फारामहरू प्रयोगमा ल्याउनु राम्रो हुन्छ :

- कृषकको व्यक्तिगत जानकारी फाराम
- कृषक र समिति बीचको सम्झौता पत्र
- आर्थिक नियमावली
- कर्मचारी नियमावली
- कृषकको दैनिकी किताब
- समितिको निर्णय पुस्तिका
- प्रत्येक कृषकको निरीक्षण फाराम
- प्रत्येक कृषकको निरीक्षण प्रतिवेदन फाराम
- प्रत्येक कृषकको कृषी प्रणाली उपर समितिले गरेका सिफारिस रेकर्ड
- दण्ड सजाय पाएका कृषकहरूको सूची, दण्ड सजाय दिनु पर्ने कारण र अवधि
- पुरस्कृत कृषक र सरोकारवाला, छनोटका आधारहरू, पुरस्कारको प्रकार र मात्रा
- आम्दानी तथा खर्च रेकर्ड
- प्रत्येक कृषकको लोगो प्राप्ति, प्रयोग तथा बजारीकरणको रेकर्ड



- विभिन्न उत्पादन तथा उत्पादक प्रति फेलापरेसम्मको ग्राहकको प्रतिक्रियाहरू
- संलग्न सरोकारवालाहरूका सुझावहरू
- कृषक तथा उपभोक्ताहरूका गुनासो, समस्या दर्ता फाइल
- प्राप्त गुनासो तथा समस्या उपर प्रदत्त सहजीकरण सेवा
- गरिएका क्रियाकलापहरूको प्रतिवेदन

## २.१४ उत्पादन तथा बजार योजना

माथि उल्लेखित क्रियाकलापहरू सकिए पछि अब उत्पादन र बजार व्यवस्थापन गर्ने बेला भयो । यसका लागि सुरूमा गरेको उत्पादन अनुमानलाई ग्राहक समक्ष प्रस्तुत गरी उनीहरूको आवश्यकता अनुसार थप घट गर्नु पर्दछ । भएका ग्राहकहरू बीच समूहका उत्पादनहरू खपत भै नसक्ने भएमा नयाँ बजार खोज्नु पर्ने हुन सक्छ भने आवश्यक सामग्री नपुग हुने भएमा कृषकको क्षेत्रफल वा संख्या थप गर्नु पर्न सक्दछ । यो खालको रणनीतिहरू बनाउन व्यवस्थापन समिति सदैव चनाखो भइरहनु पर्दछ ।

साथै उत्पादनलाई ग्राहकसम्म पुऱ्याउन निम्न मध्ये कुनै तरिका गर्न सकिन्छ :



क. कृषकहरूको खेतबारीबाट नै बिक्री

ख. उपभोक्ताको घर घरमा पुगी बितरण गर्ने

ग. फार्महरू नजिकको यौटा संकलन केन्द्रबाट बिक्री

घ. उपभोक्ताहरूको नजिकको संकलन केन्द्रबाट बिक्री

ङ. यी सबै तरिका कृषकहरूले आ-आफै गर्ने वा समूहले गर्ने वा बिक्री गर्न तोकिएको सदस्यले गर्ने वा भइरहेको कुनै ब्यापारीसँग सम्झौता गरेर गर्ने

## २.१५ उत्पादन अनुमान

प्रत्येक कृषकले कुनै पनि बाली लगाए पछि तुरून्तै आन्तरिक नियन्त्रण समितिमा उत्पादनको अनुमान पेश गर्नु पर्दछ। वहुवर्षीय बालीको हकमा प्रत्येक सिजनको सुरूवातमा नै उत्पादनको अनुमान गरी पेश गर्नु पर्दछ। उत्पादन अनुमान गर्नाले कृषकले बिक्री गरेको मात्रा र आफ्नो उत्पादनको मात्राको आधारमा मूल्याङ्कन गरी प्रमाणित गर्न सजिलो पर्दछ । उत्पादन अनुमान गर्दा निम्न वमोजिमको प्रक्रिया अपनाउन सकिन्छ ।

## २.१६ निरीक्षण, परीक्षण र प्रतिवेदन

निरीक्षणसँगै मूल्याङ्कन प्रकियाको लागि प्रत्येक फार्मको व्यवस्थापन र सञ्चालन योजना हुन जरूरी छ । यस्तो योजनामा फार्मको वर्तमान अवस्था, हाल भइरहेका क्रियाकलापहरू र भोलिको सम्भावित विकास क्रमलाई समेत समावेश गरिएको हुनुपर्दछ। यस्तो योजना उत्पादक आफैले वा सहजकर्ताको सहयोगमा तयार गर्न सकिन्छ । यस्तो योजना नभएको अवस्थामा भने सहजकर्ताले सहजीकरणकै क्रममा सहभागितामुलक तरिकाले योजना बनाउन सहयोग गर्नु पर्दछ ।

## २.१७ प्रमाणपत्र तथा सुझावहरू

प्रत्येक वर्ष आन्तरिक निरीक्षकले प्राङ्गारिक कृषकको सबै खेतवारी निरीक्षण पछि दिएको प्रतिवेदनलाई अध्ययन पछि, उक्त कृषी प्रणालीमा समूहका मापदण्ड र शर्तहरूको पालना गरी उत्पादन गरिएको छ भन्ने देखिएमा प्रमाणीकरण समितिले प्रमाणपत्र दिने निर्णय गर्दछ र संस्थाको कार्यविधि अनुसारको तरिकाबाट प्रमाणपत्र दिइन्छ ।

यसरी उपलब्ध गराइएको प्रमाणपत्रको समयावधि एक वर्षको हुनेछ र प्रत्येक वर्ष प्रमाणपत्रको नवीकरण गर्नु पर्दछ । यसै अनुसार उत्पादित वस्तुको लागि उपलब्ध गराइएको प्रमाणित प्रतिक चिन्ह (लोगो) को पनि एक वर्षको मान्यता हुन्छ । उत्पादकलाई प्रमाणपत्र दिने, यसको नवीकरण गर्ने, लोगोको विकास गर्ने र यसको प्रयोगको नियमन गर्ने कार्य सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीले चयन गरेको व्यवस्थापन समितिले गर्दछ ।

## २.१८ दण्ड सजाय

समूहको मापदण्डभन्दा विपरित रही उत्पादन गरेर जालझेल गर्ने कृषक तथा समूहलाई प्रमाणीकरण समितिले दण्ड सजायको निर्णय गर्दछ । मैले मापदण्ड पालना गर्न सकिन वा सक्दिन भनेर स्वेच्छाले प्रमाणीकरण प्रक्रिया बाहिर बस्ने स्वतन्त्रता हरेक कृषकलाई हुन्छ वा निरीक्षण गर्दा केही त्रुटी देखिएछन् भने तिनलाई आत्मसात गरेर सुरक्षित रहने अधिकार पनि कृषकमा हुन्छ । तर जानी जानी मापदण्ड पूरा नगरेर पनि लुकाउन खोज्नु वा गरेकै छु भनेर जबरजस्ती गर्न खोज्नु दण्डनीय व्यवहार हो ।

निरीक्षणको समयमा पाइएका प्रमाणहरू, कृषक तथा तिनका परिवार, छिमेकीसँगको अन्तर्वार्ताका साथै कागजातहरूको आधारमा कार्यबिधिमा तोकिए बमोजिमका दण्ड सजाय दिन सिफारिस गर्ने काम प्रमाणीकरण निकायको हो भने त्यसमा चित्त नबुझेमा कृषकले प्रतिबाद हाल्ने निकाय व्यवस्थापन समिति हो ।

सामान्य सुधार गर्ने र यस्ता अमान्य क्रियाकलाप नदोहोऱ्याउने लिखित प्रतिवद्धतादेखि क्षतिपूर्ति, जरिवाना साथै प्राङ्गारिक प्रमाणीकरण कार्यक्रमबाट निष्काशन जस्ता निर्णयहरू उक्त समितिले गर्दछ । कारवाही गरिएका र निलम्बित गरिएका कृषकहरुको निरीक्षण पनि वार्षिक रुपमा गरिनु पर्दछ । निश्चित समयका लागि मुल्तबीमा वा निलम्बनमा परेका कृषकहरु, स्वीकृत तर मुल्तबी कृषकको सूचीमा रहने छन् । निष्कासित कृषकहरुको नाम भने द्रष्टब्य राखेर स्वीकृत कृषकको सूचीबाट हटाइदिनु पर्दछ ।

यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड विपरित उत्पादन तथा प्रशोधन गर्ने कृषक तथा समूहलाई व्यवस्थापन समितिले नसिहत तथा दण्ड सजायको व्यवस्था गर्ने छ । सम्बन्धित कृषकले गरेको गल्ती कार्यको विस्तृत विवरण र प्रदत्त दण्ड सजायको निर्णय समितिको निर्णय पुस्तिकामा राख्ने छौं ।

कृषकले गरेको भूलको प्रकृति अनुसार देहाय अनुसारका दण्ड सजायहरु हुन सक्नेछन् :

- जानकारी दिने
- यस्ता क्रियाकलाप नदोहोऱ्याउने लिखित प्रतिवद्धता लिने
- जरिबाना तथा क्षतिपूर्ति असुल गर्ने
- उत्पादन खरिद नगर्ने

- रूपान्तरण अवधि दोहोऱ्याउने वा वढाउने
- १ बर्षका लागि प्रमाणीकरण प्रक्रियाबाट निलम्बन गर्ने
- प्राङ्गारिक प्रमाणीकरण कार्यक्रमबाट निष्कासन गर्ने

प्रमाणीकरण समिति मार्फत सम्बन्धित कृषकलाई उसले गरेको गल्ती तथा सो उपर भएको कारवाहीको निर्णयको जानकारी गराउने छौं ।

निलम्बित कृषकहरुको नियमित निरीक्षण गरिराख्ने छौं र अवधि सकिएर आवश्यक सुधार भएको प्रमाण प्राप्त भएपछि प्रामाणिकता कायम गराउनेछौ । तर निष्कासित सदस्यलाई तत्काल पुनःप्रबेश दिने छैनौं ।

## २.१९ पुनरावेदनः

कृषकले आफूलाई भएको दण्ड सजायको निर्णय विपरित लिखित वा मौखिक पुनरावेदन गर्न सक्नेछन् । लिखित वा मौखिक जुन तरिकाबाट भए पनि प्राप्त फिरादको अभिलेख व्यवस्थापन समितिमा राखिने छ । यसरी परेका फिराद उपर छलफल गर्न संयोजकले बैठक बोलाउनु पर्नेछ । समितिको बैठकले पूरानो निर्णय नै सदर वा नयाँ निर्णय पनि गर्न सक्नेछ । जुनसुकै निर्णय भए पनि सोको जानकारी कृषकलाई तुरून्तै गराउनु पर्दछ ।

## २.२० मापदण्ड संशोधन

हरेक वर्ष कम्तिमा एक पटक पीजीएसका सम्पूर्ण सदस्यहरूको प्रतिनिधी भेला आयोजना गरिनेछ । प्रतिनिधीको छनौट हरेक २० सदस्य बराबर १ जना हुने गरी समूह भेलाबाट गरिने छ । प्रतिनिधी भेलाले मापदण्ड उपर छलफल गरी आवश्यक संसोधन तथा थपघट गर्न सक्नेछ । यस्तो परिवर्तनको जानकारी सम्पूर्ण सदस्यहरूलाई तुरून्तै दिनु पर्दछ ।

## २.२१ शुल्क

सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालनको लागि आर्थिक स्रोतको जरूरी हुन्छ । यसको आर्थिक स्रोतका लागि समितिले प्रत्येक सदस्यलाई सदस्यता शुल्क स्वरूप रू. २५ र हरेक बिक्री रकमबाट ३ प्रतिशत प्रमाणीकरण कोष कट्टी गरेर राख्नेछ ।

## २.२२ जोखिम पहिचान तथा व्यवस्थापन योजना

बाली उत्पादनदेखि उत्पादित वस्तु उपभोक्तको हातमा नपुगेसम्म विभिन्न जोखिमहरू आईपर्न सक्छन्, जस्ले प्राङ्गारिक गुणस्तरमा असर पार्न सक्दछन् । यस्ता जोखिमहरू ठाउँ, समुदाय, मौसम, बजार, प्राकृतिक प्रकोप आदिको कारणबाट हुन सक्दछन् । यस्ता जोखिमहरू आन्तरिक रूपमा पत्ता लगाई वस्तुको गुणस्तर बिग्रनबाट जोगाउनु पर्दछ । तसर्थ जोखिम न्यूनीकरण गर्न पीजीएस टोली चनाखो हुन जरूरी छ । जोखिम आउन सक्ने केही क्षेत्रहरू यस प्रकार छन्:

### बाली उत्पादन स्थल

- किसान प्राङ्गारिक कार्यक्रम तर्फभन्दा बजार, उत्पादनको मूल्य एवं सरकारी कार्यक्रमबाट प्राप्त हुने निःशुल्क सामग्रीप्रति लालायित हुने अवस्था ।
- किसानले आफ्नो मात्रै नभई नातेदार (जो दर्ता भएका छैनन्) को उत्पादन पनि मिसाएर बिक्री केन्द्रसम्म पठाउने तथा बिक्री गर्ने बानी ।

- किसानले नातेदारको उत्पादन पनि पठाउँदा पीजीएस अन्तर्गत काम गर्ने कर्मचारी पर्याप्त मात्रामा गम्भिर नहुँदा पनि समस्या आउन सक्छ । यस्तो अवस्थामा उत्पादन अनुमान, उत्पादन दिन सक्ने बालीको परिमाण जस्ता कुराले जोखिम पत्ता लगाउन सकिन्छ ।

### बाली ओसार पसार गर्दा हुने जोखिम

- बाली ओसार पसारमा संलग्न व्यक्तिहरू गम्भीर नहुनु
- संचालकलाई प्राङ्गारिक मापदण्ड सम्बन्धी जानकारी नहुनु
- संचालकले प्राङ्गारिक उत्पादनको मात्रै छुट्टै सञ्चालन नगर्नु
- छुट्टै भण्डार नहुने, लेबल नराख्ने, बोराहरू जथाभावी प्रयोग गर्ने जस्ता आवस्थामा पनि प्राङ्गारिक उत्पादनको गुणस्तर ह्रास हुन सक्छ ।
- यी माथिका अवस्थामा प्राङ्गारिक उत्पादनसँग अन्य साधारण उत्पादन मिसिन गई प्रदुषित हुन सक्छन् ।

## २.२३ क्षमता अभिवृद्धि

सहभागितामुलक गुणस्तर निर्धारण प्रणाली सञ्चालनको क्रममा किसानहरूलाई संगठित गरेर उनीहरुको समूहको सांगठनिक क्षमता वृद्धि गरी एक बलियो समूहको रुपमा तयार गर्नु पर्दछ । यसको अलावा, सम्बन्धित सवै कृषकहरूका लागि प्राङ्गारिक बाली उत्पादन प्रणाली, रोग तथा कीरा व्यवस्थापन, माटो व्यवस्थापन, वगैंचा व्यवस्थापन आदिका वारेमा जानकारी दिनु पर्दछ भने आफ्नो खेतवारीमा गरेका क्रियाकलापहरूलाई अभिलेख राख्न सक्ने पनि वनाउनु पर्दछ । प्राङ्गारिक वस्तु उत्पादन कार्यक्रममा संलग्न कृषकहरूबाट स्थानीयस्तरमा नै स्रोत व्यक्तिहरूको विकास गर्नु आवश्यक हुन्छ । यसको साथै आन्तरिक मापदण्डमा उल्लेख भएका सम्पूर्ण विवरणहरू सम्बन्धित सवै कृषक, प्रशोधक तथा व्यापारीलाई जानकारी दिनु पर्दछ ।

साथसाथै यो प्रणाली सञ्चालनमा संलग्न रहेका विभिन्न पद तथा समितिमा रही काम गर्ने पदाधिकारीहरूको पनि निरन्तर क्षमता अभिवृद्धि गरिरहनु पर्दछ । यसका लागि आवश्यक तालिम, अवलोकन भ्रमण, अनुसन्धानका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्नु पर्दछ ।

## २.२४ मापदण्ड तथा कार्यविधी संशोधनः

व्यवस्थापन समितिले आवश्यकता अनुसार आफ्ना मापदण्ड तथा कार्यविधी संशोधन गर्नुपर्दछ ।

## २.२५ अनुगमन, मूल्याङ्कन र पुनरावलोकन

हरेक समय व्यवस्थापन समितिले आफ्ना समग्र क्रियाकलाप तथा उपलब्धिहरूको अनुगमन गरिरहनु पर्दछ र वर्षको अन्त्यमा वार्षिक पुनरावलोकन गरी राम्रा र सुधार गर्नु पर्ने पक्षहरू छुट्याउनु पर्दछ र यसैका आधारमा थप भावी योजनाहरू बनाउनु पर्दछ ।

प्रभावकारी मूल्याङ्कनका लागि, उपभोक्ता सदस्यहरू, समूह बाहिरका बिषय बिज्ञहरू, अर्को समूहका सदस्यहरूलाई पनि वेला-वेलामा मूल्याङ्कन टोलीमा राखेर अनुभव तथा सुझावहरू लिनु उपयुक्त हुन्छ ।

# ३.0 अनुसूची

## अनुसूची- १: आन्तरिक प्राङ्गारिक मापदण्ड

- प्राङ्गारिक कार्यक्रममा आबद्ध हुन चाहने कृषकले बाली लगाउनु भन्दा ३ महिना पहिले निवेदन दिनु पर्नेछ। आन्तरिक निरीक्षक समक्ष मुख्य बाली लगायत अन्य बालीमा रासायनिक कृषि सामग्री प्रयोग भए नभएको जानकारी दिनु पर्दछ। सबै नयाँ कृषक एव नयाँ बारी (क्षेत्र) मा अस्वीकृत रासायनिक पदार्थ प्रयोग भए नभएको जाँच गरिन्छ। त्यस्तो सामग्री प्रयोग भएको भए अन्तिम प्रयोग पछिको ३ वर्षसम्म प्राङ्गारिक रुपान्तरण अवधिका रुपमा लिइनेछ।
- छुट्याइएका बारीको पूरै क्षेत्र र त्यस भित्रका सबै बालीमा कुनै पनि सामान्य (अप्राङ्गारिक) र अस्वीकृत पदार्थहरु जस्तैः मल, बीउ, रोग कीरा र झारनासक विषादीहरुको प्रयोग गर्न पाइने छैन
- सबै बीउ र बेर्नाहरु प्राङ्गारिक फार्मबाट ल्याउनु पर्दछ। नपाएको अवस्थामा सामान्य (अप्राङ्गारिक) स्रोतको बीउ, बेर्ना प्रयोग गर्न सकिन्छ तर रासायनिक विषादीले उपचार नगरेको हुनु पर्नेछ।
- माटोको उर्वराशक्ति कायम राख्न उपयुक्त खेती प्रविधिहरु जस्तैः छापो राख्ने, कोशेवाली, हरियोमल, कम्पोष्ट आदिको प्रयोग गर्नु पर्नेछ।
- मलको रुपमा हरियो मल, गोबर मल, कम्पोष्ट, गाई बस्तुको गँहुत र प्राङ्गारिक मललाई मात्र स्वीकारिने छ। रोग तथा कीरानाशक विषादीहरु स्थानीय बस्तुहरुसँग गाई बस्तुका गँहुत मिलाएर वा नमिसाइकन बनाएको हुनु पर्दछ। कम्पोष्ट बनाउदा व्यावसायिक कुखुरा पालन सामान्य (अप्राङ्गारिक) फार्मबाट ल्याइएको कुखुराको मल प्रयोग गर्नु हुदैन।
- रोग कीरा नियन्त्रणको लागि राष्ट्रिय मापदण्डमा उल्लेख भएका वाहेक कुनै पनि रासायनिक विषादी प्रयोग गर्न पाइदैन। स्थानीय जडिबुटी र अन्य सामग्रीहरु प्रयोग गरी बनाएको मल एवं विषादीहरुको मात्र प्रयोग गर्नु पर्नेछ।
- छिमेकीले प्रयोग गरेको रासायनिक पदार्थको छिटाको असर नपार्नको लागि राष्ट्रिय मापदण्डमा व्यवस्था भए अनुसारको मध्यवर्ती क्षेत्र हुनु पर्नेछ।
- किसानले कुनै पनि अस्वीकृत पदार्थहरु फार्ममा भण्डारण गर्नु हुँदैन।
- माटो बग्न वा भू-क्षय हुनबाट रोक्न आवश्यक परेमा कन्टुर बालीका व्यवस्था गर्नु पर्नेछ।
- पर्यावरण संरक्षणका लागि अनावश्यक रुपमा रूख बिरूवा काट्नु हुँदैन, कुनै पनि प्राङ्गारिक पदार्थहरु एवं झारपात जलाउनु हुँदैन, विषयुक्त सामग्रीहरु जस्तैः ब्याट्री बारीमा फाल्नु हुँदैन र प्लाष्टिक जलाउनु हुँदैन।
- प्राङ्गारिक बालीको ओसार पसार गर्दा अप्राङ्गारिक तरिकाले उत्पादित बालीसँग नमिसिने कुराको पक्का गर्नु पर्नेछ।

## अनुसूची- २ कृषकको निवेदन

श्रीमान् अध्यक्षज्यू ,

आन्तरिक नियन्त्रण प्रणाली समिति

..........

**विषयः प्राङ्गारिक प्रमाणीकरणको लागि आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी गरिदिनु हुन ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सहकारी/समूहले प्राङ्गारिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली संचालन गर्न लागि रहेकोले सो कार्यक्रममा मलाई पनि सहभागी गराइ दिनुहुन अनुरोध गर्दछु ।

कृषकको नाम :
ठेगानाः
दस्तखतः

## अनुसूची ३: सम्भावित उत्पादनको प्रकार, माग तथा आपूर्तीको अनुमान फारम

| क्र.सं. | कृषकको नाम | उत्पादनको प्रकार र परिमाण | क्र.सं. | उपभोक्ताको नाम | आवश्यक सामग्रीको प्रकार र परिमाण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ४: वास्तविक उत्पादकहरुको सूची

| क्र.सं. | नाम | ठेगाना | क्षेत्रफल |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची- ५ : कृषकहरुसँग लिखित करारनामा

### कृषक र समूह वा सहकारी बीचको सम्झौता

लिखितम्............जिल्ला................गा.वि.स वडा नं......बस्ने श्री .................................... (यसपछि "कृषक" भनिएको) तथा...........समूह/सहकारी (यसपछि समूह/सहकारी भनिएको) का बीच भएको सम्झौता

**कृषकले पालना गर्नुपर्ने शर्तहरु:**

१) प्राङ्गारिक प्रविधिको नियम पालना गरी तोकिएको कृषि उपजको गुणस्तरीय उत्पादन गर्नेछु ।

२) कुनै पनि किसिमका रासायनिक मल तथा कीटनाशक बिषादी खेतवारीमा प्रयोग गर्ने छैन ।

३) निम्न प्राङ्गारिक सिद्धान्तलाई पालना गरी बाली/तरकारी उत्पादन गर्नेछु :

क. प्राङ्गारिक गुणस्तरयुक्त बीऊ, प्राङ्गारिक मल र प्राङ्गारिक तरिकाले रोग कीरा नियन्त्रण गरी उत्पादन गर्नेछु ।

ख. माटोको उर्वराशक्ति बढाउन छापो, पराल, छ्वाली, भुस जस्ता बस्तुहरू नडढाई कुहाएर मलको रूपमा प्रयोग गर्नुका साथै हरियो मल प्रयोग गरी उत्पादन गर्नेछु ।

ग. आवश्यकता अनुसार भू-क्षयको रोकथाम गर्नेछु ।

घ. वातावरण प्रदुषित हुने कुराहरू जस्तै: जथाभावी रूख बिरूवा नकाट्ने, डढेलो नलगाउने, प्लाष्टिक नबाल्ने तथा माटो अम्लीय हुने बस्तुहरू जथाभावी खेतबारीमा फाल्ने कार्य र तिनको प्रयोग पनि गर्ने छैन ।

४) छिमेकीका खेतवारीबाट कुनै पनि प्रकारको प्रदुषित पानी तथा अन्य वस्तुको प्रवेश हुन नदिन आवश्यक रोकथामको व्यवस्था गर्नेछु ।

५) कथंकदाचित प्राङ्गारिक प्रविधियुक्त खेतवारीमा हानी नोक्सानी पुर्‍याउने खालका कुनै वस्तुहरू भेट्टाइएमा अविलम्व यस सहकारीलाई सूचना दिनेछु ।

६) प्राङ्गारिक प्रविधिवाट उत्पादन गर्न कबुल गरेको कुनै वा सबै वस्तु उत्पादन गर्दा हेलचेक्र्याँइ गरेमा, उत्पादन नै नगरेमा प्राङ्गारिक प्रविधि सम्बन्धी सिद्धान्तका विपरित कार्य गरेको ठहरिने र प्राङ्गारिक प्रविधिको मूल्य मान्यता विपरित कार्य भएको ठानी जुनसुकै सजायको भागी बनाएमा स्वीकार गर्न तयार छु ।

७) यस समूहका प्रतिनिधिले उत्पादन क्षेत्रमा कुनै पनि समय निरीक्षण तथा अनुगमन गर्न चाहेमा कुनै रोकतोक गर्ने छैन ।

**समूह/सहकारीले पालना गर्नुपर्ने शर्तहरु:**

१) प्राङ्गारिक प्रविधि अनुसार कृषि उपज उत्पादन गर्न कृषकलाई प्राङ्गारिक मापदण्ड प्रदान गरी सहयोग गर्नुपर्ने ।

२) प्राङ्गारिक प्रविधि अनुसार कृषि उपज उत्पादनका लागि खेतवारीको आन्तरिक निरीक्षण गराउनु पर्ने ।

३) आन्तरिक निरीक्षण प्रतिवेदनको आधारमा प्राङ्गारिक प्रमाणीकरणका लागि आन्तरिक निर्णय गर्ने ।

४) आन्तरिक नियन्त्रण प्रणालीमा सम्मिलित सबै कृषक सदस्यहरूको सम्पूर्ण विवरण राख्ने ।

५) कृषकलाई आवश्यक पर्ने सम्पूर्ण प्राविधिक सहयोग उपलब्ध गराउने ।

उपरोक्त शर्तहरू पढी बाची त्यसको अर्थ र परिणाम समेत बुझी उपरोक्त वमोजिम शर्त बन्देजहरूको अधीनमा रहने गरी हामी दुबै पक्ष मन्जुर भएको हुँदा हामीहरूका मनोमानी राजीखुसीसँग निम्न साक्षीको उपस्थितिमा यो सम्झौतामा सहीछाप गरी एक-एक प्रति लियौं दियौं ।

कृषक                                   समूह/सहकारीको तर्फबाट

..................................................                ........................................................

साक्षी ........................................................................................

ईति सम्वत् ...... साल        महिना        गते        रोज        शुभम् .................................... ।

## अनुसूची ६: प्रारम्भिक निरीक्षण फारम

### फार्म विवरण (जग्गाका विवरण)

| जग्गाका विवरण | क्षेत्रफल | कैफियत |
|---|---|---|
| जम्मा जमिन (जग्गा) | ................ रोपनी | |
| खेत | ................ रोपनी | |
| बारी (पाखो) | ................ रोपनी | |
| चरन/खरबारी/जङ्गल | ................ रोपनी | |
| प्राङ्गारिक खेती गरेको क्षेत्रफल | ................ रोपनी | |
| प्राङ्गारिक जग्गामा रासायनिक पदार्थ प्रयोग गरेको अन्तिम मिति वर्ष ............. महिना ..................... | | |

### विद्यमान भूउपयोगको अवस्था र छिमेकीको अवस्था

| कित्ता नं | क्षेत्रफल | खेत/बारी | मोहडा पू/प/उ/द/उपू/उप/दपू/दप | प्रकार भिरालो/भिरालो गह्रा/समतल गह्रा | चार किल्ला | | | | भू-क्षय समस्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पू | प | उ | द | छ/छैन |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

द्रष्टव्य : पू–पूर्व, प–पश्चिम, उ–उत्तर, द–दक्षिण,उपू–उत्तर पूर्व, उप–उत्तर पश्चिम, दपू–दक्षिण पूर्व, दप –दक्षिण पश्चिम

### यदि कृषकले प्राङ्गारिक र अप्राङ्गारिक (रासायनिक विधि) दुबै प्रकारको खेती गरेको भएमा

| विवरण | हालको अवस्था | कैफियत |
|---|---|---|
| समबालीका उत्पादन | छ/छैन | |
| सिमा क्षेत्र | छ/छैन | |
| छुट्टै भण्डारण व्यवस्था | छ/छैन | |

## प्राङ्गारिक खेती सम्बन्धी पूर्ण विवरण

| कित्ता नं | कित्ताको नाम | कित्ताको क्षेत्रफल | प्रमुख बाली | अन्य बाली (अन्तर बाली) | गत वर्ष | २ वर्ष पहिले | ३ वर्ष पहिले |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## प्राङ्गारिक प्लटको बाली प्रणाली

| प्लट नं. | बै | जे | अ | श्रा | भा | अ | का | मं | पौ | मा | फा. | चै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

प्राङ्गारिक कित्ता (जग्गा) नजिकै कुनै ठूला उद्योग छ ? यदि छ भने कुन उद्योग छ ? उद्योगको नाम लेख्नुहोस् ।

## जग्गाको विस्तृत विवरण

## बीउका प्रकार तथा स्रोतहरु

घरमै राखिने बीउहरू............................................................................................

बजारबाट ल्याइने बीउहरू.....................................................................................

## माटोको अवस्था

(माटो जाँचका रिर्पोट (नतिजा) अनुसार

| क.सं. | माटोका गुणहरु | कित्ता १ | कित्ता २ | कित्ता ३ | कित्ता ४ | कित्ता ५ | कित्ता ६ |
|---|---|---|---|---|---|---|---|
| १ | माटोको प्रकार | | | | | | |
| २ | माटोको अम्लीयपना (पि एच) | | | | | | |
| ३ | माटोमा प्राङ्गारिक पदार्थको मात्रा | | | | | | |
| ४ | माटोमा नाइट्रोजनको मात्रा | | | | | | |
| ५ | माटोमा फस्फोरसको मात्रा | | | | | | |
| ६ | माटोमा पोटासको मात्रा | | | | | | |
| ७ | माटोमा अन्य खाद्यतत्वको मात्रा | | | | | | |
| ८ | अन्य | | | | | | |

## सिँचाइ व्यवस्थापन

| क.सं. | सिँचाइका स्रोत तरिका | कित्ता १ | कित्ता २ | कित्ता ३ | कित्ता ४ | कित्ता ५ |
|---|---|---|---|---|---|---|
| १ | परम्परागत कला | | | | | |
| २ | आकासे पानीको भर | | | | | |
| ३ | प्लाष्टिक पाइपबाट | | | | | |
| ४ | वर्षाको पानी सङ्कलन गरे पछि सिँचाइ गर्ने | | | | | |
| ५ | अन्य तरिका केही गरेको भए लेख्ने | | | | | |

## आफ्नो घर वा फार्ममा उत्पादन हुने कृषि सामग्रीहरु

| क्र.सं. | घर फार्ममा उत्पादन हुने सामग्रीहरु | परिमाण | स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | गोठे मल, कम्पोष्ट मल | | | |
| २ | भैँडा/बाख्राको मल | | | |
| ३ | कुखुरा, परेवाको मल | | | |
| ४ | गोबर ग्यासको मल | | | |
| ५ | गाईवस्तुको गहुँत | | | |
| ६ | अन्य मलहरू केही भए | | | |

## पशुपालनका विवरण

| गाई/गोरु (संख्या) | भैंसी/राँगो (संख्या) | भेंडा/बाख्रा (संख्या) | कुखुरा हाँस (संख्या) | अन्य (संख्या) | अन्य (संख्या) | अन्य (संख्या) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## विशेष प्रकारको बाली केही छ भने लेख्नुहोस् ।

जस्तै :

जडीबुटी खेती .....

सुगन्धित बाली.....

## अन्य कुनै सहायक पेशा छ भने उल्लेख गर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| सिकर्मी/डकर्मी | ज्यालादारी मजदुरी | दुग्ध व्यवसाय | कुखुरापालन |
| बाख्रापालन | मौरीपालन | अन्य.......... | |

## मुख्य रोग / कीराहरु.......................................................................................................

रोगकीरा नियन्त्रणका लागि अपनाई राखेका विधिहरू

..................................................................................................................................

## उत्पादन योजना

फार्ममा प्रयोग गरिने यन्त्र उपकरणहरू

..................................................................................................................................

................................................................................................................................

## बाली प्रशोधन, भण्डारण र ढुवानीका तरिकाहरु

| | |
|---|---|
| बाली टिपाइका तरिकाहरू | |
| ढुवानी गर्ने र भित्र्याउने | |
| सरसफाइ, ग्रेडिङ्ग., प्रशोधन र प्याकिङ्ग | |
| उपचार र भण्डारण | |
| भण्डारणका रोग कीरा तथा अन्य समस्याहरू र तिनका समाधानका उपयाहरू | |
| बिक्रीका लागि लैजादा प्याकिङ्ग. र ढुवानीका तरिकाहरू | |
| बाली संकलन, भण्डारण, प्रशोधन, ढुवानी गर्दा प्राङ्गारिक र गैर प्राङ्गारिक उपजहरू आपसमा मिसिनबाट बचाउन अपनाइएका तरिकाहरू | |

## यदि फार्ममै प्रशोधनको काम हुन्छ भने

| | |
|---|---|
| प्रशोधित उत्पादनको नाम | |
| प्रशोधनको तरिका | |
| प्रशोधन गर्दा रङ्ग, गन्ध, स्वाद तथा संरक्षणका लागि प्रयोग गरिने तत्वहरू | |

## बिक्री गर्ने तरिका: होलसेल खुद्रा:

प्रमुख ग्राहकहरू:.........................................................

ग्राहकहरू रहेको स्थान.................................................

ग्राहक सम्म उत्पादन पुऱ्याउने माध्यम..........................................................

## फार्ममा राखिएका रेकर्डहरुलाई चिन्ह लगाउनुहोस् ।

क. खरिख रेकर्ड
ख. फार्म क्रियाकलाप रेकर्ड
ग. प्रशोधन रेकर्ड
घ. माटो परीक्षण रेकर्ड
ङ. बिक्री रेकर्ड
च. दैनिक उत्पादन रेकर्ड
छ. श्रमिक रेकर्ड
ज. अन्य केही भए उल्लेख गर्ने

यस अघि पनि प्राङ्गारिक प्रमाणीकरणका लागि कुनै निकायमा आवेदन दिनुभएको थियो भने उक्त निकायको तात्कालिन प्रतिक्रिया, प्राप्त सुझावहरू र कार्यान्वयनका लागि गरिएका सुधारहरू

माथि उल्लेखति जानकारीहरू मैले जानेसम्म ठीक साँचो छ। जानाजान कुनै प्रकारको गलत जानकारी दिएको पाइएमा त्यस प्रति हुने जुनसुकै सजाय वा दण्ड जरिवानाको लागि म तयार छु।

आवेदकको नामः                                        हस्ताक्षरः                              मितिः

## व्यवस्थापन समितिको तर्फबाट

विवरण दर्ता मिति..................                    सदर मितिः...................................

पहिलो निरीक्षक.......................                    दोस्रो निरीक्षक..............................

निर्णयका लागि वैठक बसेको मिति..............................          निर्णय........................................

८. जग्गाको नक्सा (हरेक कित्ता स्पष्टसँग देखिने गरी नक्सा बनाउने)

## अनुसूची- ७: कृषक संकेत नं राख्ने प्रक्रिया

स्त : भ र २०६८ र द३ र ०१

कृषकको बसोवास भएका जिल्ला (भक्तपुर . भ)

आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी भएको वर्ष (२०६८)

कृषकको बसोवास भएका गा.वि.स. र वडा नम्बर (दधिकोट–३. द३)

आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी भएका कृषकहरू दर्ताको क्रम संख्या

| भ | ०६८ | द ३ | ०१ |
|---|---|---|---|
| कृषकको बसोवास भएको जिल्ला | आन्तरिक नियन्त्रण प्रणालीमा प्रवेश भएको वर्ष | कृषकको बसोबास भएको गा.वि.स र वडा नम्बर | आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी भएका कृषकहरूको दर्ताको क्रम सख्या नं १ बाट सुरू |

नोट:

- पहिलेका कृषकहरुले पहिलो वर्षको संकेत नं नै पाउने छन् ।
- नयाँ सदस्यले पहिलेकै पुरानो सदस्यको क्रमानुसार नै समूहगत रुपमा संकेत नं. पाउनेछन्

## अनुसूची- ८: गाउँको सामाजिक नक्सा

आन्तरिक नियन्त्रण प्रणालीको सञ्चालनका लागि आन्तरिक नियन्त्रण प्रणाली लागू गरिएको गाउँको सामाजिक नक्सा अत्यावश्यक हुन्छ । उक्त नक्सामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रममा संलग्न किसानको घरधुरी संकेत, सामाजिक संरचनाहरू, वाटोघाटो, खोलानाला, जंगल, मन्दिर, प्रमाणीकरणमा संलग्न घरहरू र प्रमाणीकरण नभएका किसानहरू, सामाजिक साँध सीमानाहरू स्पष्ट देखिने खालका हुनु पर्दछ भने उक्त नक्सा तयार गरिएको मिति पनि उल्लेख हुनु पर्दछ ।

## अनुसूची ९ : कृषकको दैनिकी

### प्राङ्गारिक कृषकको दैनिकी

कृषकको नाम : ............................................ ठेगाना:............................................

सदस्यता नं.......................... क्षेत्रफल.............................. मुख्य बालीहरू.............................

प्राङ्गारिक प्लटमा गरिएका क्रियाकलापहरू

| मिति | प्लट, बाली र गरिएका काम | कामको तरिका, कारण र विवरण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची १० : आन्तरिक निरीक्षण प्रतिवेदन फाराम (प्राङ्गारिक कृषि निरीक्षण प्रतिवेदन)

| | |
|---|---|
| कृषकका नाम : | कोड नं.: |
| आन्तरिक निरीक्षकको नाम : | निरीक्षण मिति : |
| निरीक्षणको प्रकार<br>आन्तरिक निरीक्षण<br>आकस्मिक निरीक्षण | निरीक्षणको समय<br>सुरू : ...... बजे<br>अन्त्य :......बजे |
| निरीक्षणको समयमा उपस्थित व्यक्तिहरू : | |

## खेतबारीको अभिलेख

| | | |
|---|---|---|
| कृषकको निवेदन फारम तथा सम्झौता छ कि छैन | छ ☐<br>छैन ☐ | पूर्ण छ<br>पूर्ण छैन, किन? |
| लगानीको अभिलेख राखेको छ कि छैन | छ ☐<br>छैन ☐ | पूर्ण छ<br>सुधार |
| रासायनिक र प्राङ्गारिक तरिकाले एउटै खालको बाली/तरकारी लगाएको छ कि छैन (समानान्तर उत्पादन) | छ ☐<br>छैन ☐ | यदि छ भने कुन कुन बाली/तरकारी लगाएको छ नाम लेख्नुहोस्। |
| मिश्रित खेती प्रणालीको अवस्था | छ ☐<br>छैन ☐ | |
| अन्तरबाली/घुम्तीबालीमा कोशेबालीको प्रयोग भएको छ कि छैन | छ ☐<br>छैन ☐ | |
| बीउ बेर्नाको स्रोत | छिमेकीबाट ☐<br>आफ्नै किनेर ☐<br>सरकारी कार्यालयबाट ☐ | |

## प्राङ्गारिक कृषिको विवरण

| कित्ता नं. | उत्पादन क्षेत्र | | प्राङ्गारिक बालीका प्रकार | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खेती गरिएको क्षेत्रफल | प्राङ्गारिक बाली/तरकारी खेतीको क्षेत्रफल | मुख्य बाली | अनुमानित उत्पादन | अन्तरबाली | अनुमानित उत्पादन | |
| | | | | | | | |
| | | | | | | | |

## माटोको सुधार र मलको प्रयोग (प्रत्येक प्लट)

| कित्ता नं. | प्रयोग गरेका मलको प्रकार र गुणस्तर | | | कैफियत |
|---|---|---|---|---|
| | मलको नाम | मलको प्रयोग मात्रा | मलको स्रोत | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## रोग कीराको व्यवस्थापन

| कित्ता नं. | रोग कीराको प्रकार | व्यवस्थापन तरिका (के कसरी प्रयोग गरियो) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| झारपातको व्यवस्थापन तरिका : | | |
| प्राङ्गारिक जग्गामा रासायनिक मल र विषादीहरूको प्रयोग गरेको अन्तिम मिति : | | |

## मध्यवर्ती क्षेत्र (मीटरमा)

| कित्ता नं. | उत्तर | | दक्षिण | | पूर्व | | पश्चिम | | रासायनिक र प्राङ्गारिक खेती बीचको दुरी |
|---|---|---|---|---|---|---|---|---|---|
| | चौडाइ | उचाइ | चौडाइ | उचाइ | चौडाइ | उचाइ | चौडाइ | उचाइ | |
| १ | | | | | | | | | |

## मिसावटको जोखिम

| | | | | |
|---|---|---|---|---|
| पानी, कुलोबाट | छैन | कम छ | बढी छ | कैफियत : |
| वहाव, तरङ्ग, छिटाबाट | छैन | कम छ | बढी छ | कैफियत : |
| औजार (कुटो, कोदाला स्प्रेयर आदिबाट) | छैन | कम छ | बढी छ | कैफियत : |
| यदि बढी खतरा छ भने, मिसावटको प्रकार, कारण र कित्ता नं. उल्लेख गर्नुहोस् : | | | | |

## बाली भित्र्याउने र बाली भित्र्याए पछिको व्यवस्थापन

| | |
|---|---|
| बाली भित्र्याउने तरिका | ☐ हातले ☐ मेशिनले (कृपया व्याख्या गर्नुहोस्) |
| बेच्नका लागि तयारी | कृपया व्याख्या गर्नुहोस् |
| प्याकिङ्ग तरिका | |
| बारीदेखि बेच्ने ठाउँसम्मको ढुवानी | |

निरीक्षकको सुझावहरू/सल्लाह र सिफारिस (निम्न पक्षहरू लेख्नुहोस् : कृषकको धारणा, सुधारका लागि सुझावहरू, बिरूवा (बाली) को अवस्था, कृषकको प्राङ्गारिक कृषिप्रतिको विश्वस्तता, अनुमानित उत्पादन, परियोजनालाई बिक्री गरिने उत्पादनको परिणाम आदि)

निरीक्षकको हस्ताक्षर

अन्तर्वार्ता दिनेको हस्ताक्षर
कृषक
कृषकको प्रतिनिधि

| प्रमाणीकरण निर्णय | उत्पादन स्थिति | बालीको प्रकार | प्रमाणीकरणका शर्तहरु/कारणहरु |
|---|---|---|---|
| स्वीकृत नभएका<br><br>रूपान्तरण स्वीकृति<br><br>प्राङ्गारिक स्वीकृति<br>निर्णय स्थगित | स्वीकृत नभएका<br><br><br><br>रूपान्तरण स्थितिमा प्राङ्गारिक | | |

## अनुसूची- ११ प्रमाणीकरण स्वीकृति वा अस्वीकृतिको निर्णय

निर्णय भएको मितिः ................................

### आन्तरिक स्वीकृति समिति स्वीकृत तथा अस्वीकृत कृषकहरुको नामावली

| संकेत नं. | नाम र ठेगाना | प्राङ्गारिक कित्ता संख्या | क्षेत्रफल | अनुमानित उत्पादन | प्राङ्गारिक प्रमाणीकरण निर्णय (स्वीकृत वा अस्वीकृत) | अस्वीकृत भएको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची- १२: मापदण्ड उल्लङ्घन प्रतिवेदन

मिति :

मापदण्ड विपरित काम गर्ने कृषकको नाम : संकेत नंः

मापदण्ड विपरितको निम्न कार्यहरू भएको पाइयो । मापदण्ड विपरितको काम गरे वापत निम्न बमोजिमको निर्णय लिनु हुन सिफारिस गर्दछु ।

ठाउँ र मितिः निरीक्षकको हस्ताक्षर.......................

मैले मापदण्ड विपरित गरेको कार्यहरू बारेका प्रतिवेदन प्राप्त गरें ।

मापदण्ड विपरितको काम गरे वापत निम्न बमोजिम निर्णय गरिएका छ ।

ठाउँ र मितिः

.......................
हस्ताक्षर
आन्तरिक नियन्त्रण प्रणाली संयोजक

## अनुसूची- १३ : मापदण्ड विपरितका व्यवहारहरु र दण्ड सजायको ब्यवस्था

| क स | समस्या/व्यवहार | दण्ड सजायको प्रकार र गर्नुपर्ने क्रियाकलापहरू |
|---|---|---|
| १ | किसानले बारीमा रासायनिक मल तथा विषादीको प्रयोग गरेको पाइएमा | उत्पादन लिइसके नसकेको जाँच गर्ने । विषादी प्रयोग भएका कित्तालाई सामान्य (अप्राङ्गारिक) भनी घोषणा गर्ने । ३ वर्षसम्मका लागि प्रमाणीकरण गर्न नसकिने । सम्भवत: किसानलाई समूहबाट निष्कासन गर्न सकिने । |
| २ | प्राङ्गारिक खेतीमा लगाइएको बाली र रासायनिक खेतीमा लगाइएको बाली एउटै भएमा | प्राङ्गारिक उत्पादन भए पनि खरिद नगर्ने किसानलाई थप तालिम दिने । |
| ३ | घरायसी प्रयोजनका लागि प्राङ्गारिक बालीसँग लगाइएको अन्तरवालीमा रासायनिक मल वा विषादी प्रयोग भएमा | एक वर्षका लागि निलम्बन गर्ने। प्रमाणीकरण ३ वर्षसम्मका लागि गर्न नसकिने, सम्भवत: किसानलाई समूहबाट निष्कासन गर्न सकिने । |
| ४ | किसानले आफ्नो जग्गाको बेवास्ता गरी माटो सुधारका कुनै पनि उपायहरु र कम्पोष्ट बनाउने काम पनि नगरेमा | मौखिक वा लिखित चेतावनी दिने। थप तालिम दिने । यदि दोहोरिएमा, सदस्याता कायम राख्ने कि नराख्ने बारे छलफल गर्ने । |
| ५. | छिमेकी/साथीले उत्पादन गरेको सामान्य (अप्राङ्गारिक) उत्पादन प्राङ्गारिक उत्पादनसँग मिसाएमा | मौखिक वा लिखित चेतावनी दिने। थप तालिम दिने । एक वर्षका लागि निलम्बन गर्ने । यदि दोहोरिएमा, सदस्यता कायम राख्ने कि नराख्ने बारे छलफल गर्ने । |



CEAPRED
www.ceapred.org.np

**Center for Environmental and Agricultural Policy Research, Extension and Development (CEAPRED)**
G.P.O. Box 5752, Kathmandu
Phone: (977-1)-5184272, (977-1)-5184242
Fax: (977-1)-5184165
Email: contact@ceapred.org.np